CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितराज-श्रीसोमनाथशर्मणो

जीवनचरितम्



प्रकाशिका:—
स्वर्गीय पण्डितराजस्य धर्मपत्नी
ललिताद्देवी सिन्देलः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सदास्मरणीयचरित-विद्वन्मूर्धन्य-सर्वतन्त्र-स्वतन्त्र-वैदिकधर्मप्राण-
नेपालराष्ट्रभूषण-लोकातिशायिप्रतिभासम्पन्न-सुप्रसिद्ध-प्रबल-
गोरखादक्षिणबाहु-सिग्देलोपाभिध-प्राचार्य-

पण्डितराज-श्रीसोमनाथशर्मणो
जीवनचरितम्

पूर्वभागलेखको वद्रीनाथशर्मा अधिकारी
उत्तरभागलेखको हरिनाथ उपाध्यायो ढुङ्गेलः
नेपालीभाषानुवादको दामोदर कोइराला

प्रकाशिकाः—
स्वर्गीय-पण्डितराजस्य धर्मपत्नी
ललितादेवी सिग्देलः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितराज-श्रीसोमनाथशर्मा सिरदेलः

जन्मः- वि. सं. १९४१ आश्विन १९

मोक्षः- वि. सं. २०२९ आश्विन २८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

संस्कृतविद्याया अलौकिकविद्वांसः परमपूज्याः स्वर्गीयाः पण्डितराज-सोमनाथ-महोदया आजीवनं नेपालराष्ट्रस्याभ्युदयाय बद्धपरिकरा भारतीय-संस्कृत-विद्वत्समुदायेषु अपि लब्धप्रतिष्ठा देशालङ्कारभूता आसन्निति सुप्रसिद्ध-मेवैतत् ।

महर्षिकल्पानां पूज्यगुरुवराणां पूर्वभागं जीवनचरितं स्वर्गीयेण प्रियशिष्येण प्राध्यापकेन अधिकारीत्युपनाम्ना बद्रीनाथशर्मणा मनोहरेषु संस्कृतपद्येषु भक्त्या पूर्वमेव विरचय्य मह्यं प्रदत्तमासीत् ।

अधुना अपरेण पूज्यपादगुरोः परमशिष्येण प्राध्यापकवरेण ढुङ्गेलोपपदेन हरिनाथ-महोदयेन सश्रद्धं निर्मितमुत्तरभागं तदवशेषञ्च जीवनचरितमवलोक्य अमन्दमानन्दमनुभवन्नस्मि ।

शास्त्रमर्यादापरिपालकानामष्टाशीतिवर्षपर्यन्तमपि सदैव लोकोपदेशतत्पराणां सदाचारवतां पूज्यपादानां गुरुवर्याणां कर्मयोगपथप्रदर्शकं सच्चरितं सर्वेषां परमकल्याणाय कल्पते ।

महता प्रयासेन लेखनसामग्रीं सङ्कलय्य एतत्सत्कर्मणि प्रवृत्तयोरुपन्युक्त-विद्वद्वरयोः शतशो धन्यवादान् वितरामि ।

प्रकृतविद्वद्द्वयनिर्मितसंस्कृतपद्यानां नेपालीभाषायां सविशेषमनूद्य परम-श्रद्धेयानां गुरुवर्याणां पवित्रं जीवनचरितं जिज्ञासूनां संस्कृतानभिज्ञसाधारणजनानां मनोरथं पूरयन्तमपरं कोइरालोपपदं दामोदराभिधेयं प्राध्यापकवर्यमपि सस्नेहमभि-नन्दामि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकलजनोपकारकमेतच्चरितं प्रकाश्य पतिगुरवे भक्तिपुष्पोपहारसमर्पण-तत्परायै परमादरणीयायै गुरुधर्मपत्न्यै ललीतादेव्यै सविनयमभिवादनं समर्पयामि ।

यस्योपदेशामृतं सादरं निपीय विवेकनेत्रमुदभवत् येन सन्मार्गान्वेषण-समर्थोऽहम् । तस्मै दिवङ्गताय सद्गुरवे पण्डितराजमहोदयाय सादरं भक्ति-श्रद्धाञ्जलिं भूयो भूयः समर्प्य एतल्लेखनाय प्रेरितवन्तं विद्वद्वर्यं प्रति कृतज्ञतां प्रकटयन् विरमामि ।

पण्डितराजमहोदयानां चरणान्तेवासी

रामचन्द्रपौडेलः

२९।१०।१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किञ्चिद् वक्तव्यम्

श्रीमता परमात्मीयजनेन विद्वद्वरेण वाल्मीकिसंस्कृतमहाविद्यालयस्य उपप्रधानाचार्येण रामचन्द्र-पौडेल-महोदयेन सविशेषमनुरुद्धोऽहम् स्वर्गीय-सापत्नमातुलेय-सतीर्थ्य-प्राध्यापक-श्रीवद्रीनाथाधिकारिणा पूर्वं लिखितं सदा स्मरणीयचरितस्य प्रकाण्डपण्डित्ययुतस्यासाधारण-प्रतिभाशालिनो वाग्देवीवरदपुत्रस्य पदवाक्यप्रमाणपारावारपारीण-सर्वतन्त्रस्वतन्त्र-वैदिकधर्मप्राण-जगत्पूज्य-नेपालराष्ट्रभूषण- पूज्यपाद-गुरुवर्य-पण्डितराज-श्रीसोमनाथशर्मणोऽपूर्णं जीवनवृत्तं साधारणैः सर्वजनवेद्यैर्बालकोपयोगिभिः शब्दैः सपरिश्रमं सभक्तिश्रध्दं च विरचय्य यदपूरयम्, तेन पूर्णानन्द-विश्वेश्वर-श्रीसदाशिवसायुज्यं गतो गुरुदेवः प्रीयताम् ।

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ।।

विदुषां विनेयः-
हरिनाथ उपाध्यायो ढुङ्गेलः
वाल्मीकिसंस्कृतमहाविद्यालयस्य प्राध्यापकः
२०२६ पौषः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धिपत्रम्

अशुद्धः	शुद्धः	पृष्ठम्	श्लोकः
सुधांशु वर्षे	सुधांशुवर्षे	३	११
दुबलोऽपि	दुर्बलोऽपि	४	१५
बुाद्ध	बुद्धिः	५	१८
सयाप्य	संयाप्य	७	२५
चतुर्विश	चतुर्विंश	७	२५
त्रिशद्वयस्क	त्रिंशद्वयस्कः	८	२९
वैकमाब्दे	वैक्रमाब्दे	,,	३१
षट्त्रिश	षट्त्रिंश	,,	३१
भूकम्पनोत ात	भूकम्पनोत्पात	९	३५
सप्ताहयज्ञ	सप्ताहयज्ञं	१०	३७
वैकल्यमवाप शान्ति	वैकल्यभवामशान्ति	१०	४०
सयोग	संयोग	११	४१
पदन	पदकेन	१२	४६
विद्यालप्रा	विद्यालयप्राध्यापकः	१५	...
ास्थतोऽपि	स्थितोऽपि	१७	५
दुबलतनो	दुवलतनो	१८	७
मुखाध्ययन	मुखाध्ययनं	१९	१०
विद्यालय	विद्यालयं	१९	१०
रोहणविधि	रोहणविधिं	२१	१७
विविधै विधानैः	विविधैर्विधानैः	२२	२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतययौ	प्रतिययौ	२४	२६
परिषद्गत	परिषद्गत	२५	२९
विनानुरधा	विनानुरोधा	३१	४५
मञ्जलि	मञ्जलिं	३६	६०
निदशयन्ति	निदर्शयन्ति	४०	१५
बहून्यभवन्	बहून्यभूवन्	४१	१९
चान्य रुचिर	चान्यं रुचिरं	४२	२१
शैव	शैवं	४६	३७
प्यभिशस्ति	प्यभिशस्तिं	५०	५
पयोनधेः	पयोनिधेः	५४	२२

प्रथमसंस्करणम्:- १००० प्रति

वि. सं. २०२९ मकरसंक्रान्तिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपण्डितराज–सोमनाथशर्मणो
जीवन–चरितम्

नेपालभूमण्डलराजधान्यामात्रेयगोत्राद्विजनुः पवित्रः ।
बभूव सिग्द्यालकुलप्रशस्यः सुधीर्जगन्नाथपदाभिधानः ॥१॥

नेपाल राज्यको भूमण्डल अन्तर्गत राजधानी काठमाडौंदेखि २½ कोश पश्चिम थानकोट उपत्यकामा आत्रेयगोत्रीय सिग्द्याल ब्राह्मणका पवित्र कुलमा (पं. मुक्तिनाथ शर्माका) जगन्नाथ नाउँ गरेका ठूला विद्वान् पुत्र जन्मे (पं. मुक्तिनाथ शर्मा काठमाडौंमा वसोवास गर्दथे) ॥१॥

श्रुतिस्मृतिज्यौतिषपाणिनीयसाहित्यवेदान्तविपश्चिदेषः ।
सत्कर्ममूर्तिः सुचिरं प्रधानविद्यालयाध्यापकतां दधार ॥२॥

यी जगन्नाथ पण्डित वेद धर्मशास्त्र ज्यौतिष व्याकरण साहित्य वेदान्त आदि विषयका ठूला विद्वान् थिए । सत्कर्मका त अवतार थिए । यिनी धेरै समयसम्म रानीपोखरी प्रधान पाठशालाका अध्यापक भएर रहेका थिए ॥२॥

पुत्रोऽस्य चन्द्राब्धिनिधीन्द्रवर्षे १९४१ शुक्लाश्विने भूततिथौ प्रशस्ते ।
अभूदभूमिः प्रतिपक्षवाचां प्राचां प्रसादादिह सोमनाथः ॥३॥

विक्रमसंवत् १९४१ आश्विनशुक्लचतुर्दशी तिथिको शुभमुहूर्तमा श्रीजगन्नाथ पण्डितका पूर्वपुरुखाहरूको प्रसाद वा आशीर्वादबाट प्रतिपक्षी (विरोधी) विद्वान्हरूले शास्त्रार्थमा आँक्न नसकिने सोमनाथ नाउँ गरेका छोरा जन्मे ॥३॥

पित्रोः प्रमोदेन समं विवृद्धः प्रारब्धविद्यस्त्वथ पञ्चमाब्दे ।
पित्राष्टमाब्दे विधिनोपनीतः शुक्लं यजुर्वेदमसावपाठीत् ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाबु आमाको हर्षका साथै उहाँ पनि बढ्दै जानु भयो । पाँच वर्षको उमेरमा उहाँको अक्षरारम्भ भयो । आठ वर्षको उमेरमा पिताजीले विधिपूर्वक व्रतबन्ध गरिदिनुभयो र उहाँले शुक्लयजुर्वेदको अध्ययन गर्नुभयो ॥४॥

काव्यानि कोशानथ पाणिनीयं पितुः पठन् बोधविवृद्धबुद्धिः ।
अध्यात्मरामायणसार्थपाठमश्रावयद् यो जननीं दशाब्दः ॥५॥

उहाँले काव्य कोष अनि व्याकरण आदि ग्रन्थहरू पहिले आपनै पिताजीलैंग अध्ययन गर्नुभयो । उहाँको बुद्धि ज्ञानले विकसित हुँदै गयो र दश वर्षको उमेरमा उहाँले आपनी आमालाई अर्थसहित अध्यात्मरामायण सुनाउनु भयो ॥५॥

लक्ष्मीरिवान्या जननी तदीया लक्ष्मीतिनाम्ना प्रथिता सुशीला ।
विद्यानुरागं तनयस्य दृष्ट्वा मेने विशिष्याङ्कुरितां शुभाशाम् ॥६॥

उहाँकी माताजीको नाउँ लक्ष्मी थियो । लक्ष्मीको शील स्वभाव साक्षात् लक्ष्मीकै समान थियो । यस कारण उहाँलाई लक्ष्मी नै भन्न सुहाउँथ्यो । आपना पुत्रको विद्याप्रतिको अनुराग देखेर लक्ष्मीले आपनो शुभ आशाले विशेष-रूपमा आँकुरा हालेको ठान्नुभयो ॥६॥

त्रयोदशाब्दे गिरिजां सुशीलामुदुह्य गेहाश्रमदीक्षितोऽयम् ।
श्रद्धां समिद्धां दधदध्यधीतौ चक्रे रुचिं व्याकरणाय पूर्वम् ॥७॥

तेह्र वर्षको उमेरमा गिरिजा नाउँ गरेकी सुशील कन्यासंग विवाह गरेर उहाँ गृहस्थाश्रममा दीक्षित बन्नुभयो । विशेष अध्ययन तर्फ नै उहाँको श्रद्धा बढ्दै गयो र त्यसमा पनि उहाँले पहिले व्याकरणको अध्ययनमा विशेष रुचि गर्नुभयो ॥७॥

कण्ठस्थितं व्याकरणं चकार प्राज्ञाद् गुरोर्विष्णुहरेः सकाशात् ।
अङ्गानि चान्यानि तथैव गङ्गादत्ताद् गुरोः सश्रममध्यगीष्ट ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्याकरणशास्त्रका ठूला विद्वान् विष्णुहरि गुरुसँग उहाँले सिद्धान्तकौमुदी अध्ययन गरेर सबै कण्ठस्थ पनि गर्नुभयो । फेरि त्यति नै परिश्रम गरेर वहाँले गङ्गादत्त गुरुसँग व्याकरणमध्यमामा चाहिने अरू ग्रन्थहरू पनि अध्ययन गर्नुभयो ॥८॥

दित्सुः परीक्षामपि काशिकायां तस्मिँस्तु वर्षेऽवसरो न लब्धः ।
पित्राज्ञयाऽतः सहदेवविज्ञान्न्यायं समध्यैत कुशाग्रबुद्धिः ॥९॥

व्याकरणमध्यमा परीक्षाको अध्ययन पूर्ण भएकाले त्यसै वर्ष काशीमा परीक्षा दिन जाने उहाँको इच्छा थियो (तर उहाँका सहपाठी यज्ञदत्त राम्रो तयार नभएकाले र हे. मा. केशवबाबु वङ्गालाको सल्लाहबाट) उहाँ एक जनालाई मात्र त्यस वर्षमा काशीमा परीक्षा दिन जाने अवसर मिलेन । (एक वर्षसम्म त्यसै पर्खेर वस्ने स्थिति आएकोले) पिताजीको आज्ञानुसार ज्यादै तीखो बुद्धि भएका उहाँले (प्यूखाका ब्रह्मदत्त अर्ज्यालका घरमा डेरा गरी वस्ने मैथिल विद्वान्) सहदेवसंग न्यायमध्यमाको ग्रन्थ अध्ययन गर्नुभयो ॥९॥

प्रवेशितो दर्शनमध्यमायां वर्षेण चैकेन सुलब्धबोधः ।
काशीमुपेत्योदतरत् परीक्षां वर्षे जनेः पञ्चदशेऽञ्जसैव ॥१०॥

हुन त उहाँको न्यायमध्यमाको अध्ययन एक वर्षको मात्र हो, तर राम्ररी बुझेर परिश्रमसाथ रातोदिन अध्ययन गरेको हुँदा ग्रन्थ समाप्ति पनि भयो, योग्यता पनि राम्रो देखियो र उहाँलाई दर्शनमध्यमामा प्रवेश गराइयो । हुन पनि उहाँ पन्ध्र वर्षकै उमेरमा काशीको दर्शनमध्यमा परीक्षामा सजिलैसँग उत्तीर्ण हुनुभयो ॥१०॥

नेपालविद्यालयतः परीक्षादानप्रबन्धे सति काशिकायाम् ।
आद्येऽङ्कबाणाङ्कसुधांशु वर्षे १९५६ उत्तीर्ण एष प्रथमो बभूव ॥११॥

नेपालको विद्यालयबाट काशीमा परीक्षा दिन जाने अनुमति पाएपछि उहाँ काशी जानु भयो र वि. सं. १९५६ सालको काशीको परीक्षामा प्रथमश्रेणीमा पास हुनुभयो ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्येत्य नेपालमथोत्तराब्दे विद्याविशेषाध्ययनाय भूयः ।
वाराणसीं प्रस्थितमेनमस्य स्नेहेन मातापि मुदाऽन्वगच्छत् ॥१२॥

परीक्षा सकेर नेपाल फर्केपछि लगत्तै दोश्रो वर्ष अर्थात् वि. सं. १९५७ सालमा अरू विद्योपार्जनका निमित्त वहाँ फेरी काशी जानुभयो र पुत्रस्नेहले बाँधिएकी उहाँकी माता लक्ष्मी पनि बडो खुशीले छोराको पछि लागेर काशी नै जानुभयो ॥१२॥

काशीमुपेतां जननीं गदार्तां सर्वात्मना पर्यचरत् स भक्त्या ।
वर्षान्तरेऽभूदथ तद्वियोगी दैवं हि संयोगवियोगकारि ॥१३॥

काशी गएपछि दुर्भाग्यवश उहाँकी माताजीलाई रोग लाग्यो । रोगाक्रान्त अवस्थाकी आफ्नी माताजीको उहाँले बडो भक्तिले आफ्नो शक्तिले भ्याएसम्म सेवा गर्नुभयो । तर के गर्नु ! संयोग गराउने पनि वियोग गराउने पनि दैव नै रहेछ । तसर्थ काशी गएको दोश्रो वर्षमा नै आफ्नी माताजीसंग उहाँको वियोग भयो ॥१३॥

मुक्तिं गतां पुण्यतमेऽविमुक्ते व्यसर्जयद् मातरमन्त्यकृत्यैः ।
वियोगबाधामवधूय धैर्यात् काश्यां विशेषाध्ययने निदध्यौ ॥१४॥

हुनत शिवजीको सदा वासस्थान भएको त्यति ठूलो काशी जस्तो पुण्यक्षेत्रमा उहाँकी माता मुक्त हुनुभएको हो तापनि आफ्नो कार्य पूरा नहुँदै त्यो घटना परेकोले उहाँलाई भने निकै ठूलो बाधा पऱ्यो । तर बडो धैर्यपूर्वक त्यो मातृवियोग वेदनालाई शान्त गराएर अन्त्येष्टिक्रिया सम्पन्न गरी माताजीलाई विदा गर्नुभयो र अध्ययनमा नै विशेष ध्यान दिएर काशीमा नै वसेर अध्ययन गर्न लाग्नुभयो ॥१४॥

यो दुर्बलोऽपि प्रबलः प्रयासे कृशोऽपि देहेन रसेन पुष्टः ।
पुनः पुनर्व्याधिविकम्पितोऽपि तस्थौ स्थिरो धैर्यरसायनेन ॥१५॥

उहाँको शरीर दुर्बल थियो तापनि परिश्रम ज्यादै प्रबल थियो । शरीर दुब्लो पातलो थियो तर विद्याको अनुरागस्वरूप रसले पुष्टिएको थियो । बखत बखतमा उहाँलाई रोगले आक्रमण गर्थ्यो तर धैर्यरूपी रसायनको प्रयोग गरेर उहाँ आफ्नो कार्यमा दृढ रहनु हुन्थ्यो ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न्यायादिविद्योदधि-देवकल्प-कैलासचन्द्राह्वगुरोरधीत्य ।
न्याये परीक्षां ददे देष काश्यामाचार्यकक्षामतरत् क्रमेण ॥१६॥

न्याय आदि शास्त्रमा समुद्र समान, देवतै बराबरका अतिसज्जन वङ्गाली कैलासचन्द्र भट्टाचार्यसँग उहाँले न्यायशास्त्रको अध्ययन गर्नुभयो र क्रमसँग प्रति वर्ष परीक्षा पनि दिंदै जानुभयो । (हरेक परीक्षा उहाँले उच्चश्रेणीमा नै पास गर्नुभयो ।) यसै गरी उहाँले काशीको न्यायवैशेषिक विषयको आचार्यसम्मको परीक्षा पूरा गर्नुभयो ॥१६॥

गङ्गाधराख्याद्विदुषां वरेण्यात् साहित्यसौहित्यमवाप्य पुष्टः ।
श्रीकालिकापत्तनकाव्यतीर्थकक्षापरीक्षां सुखमुत्ततार ॥१७॥

साथै विद्वान्हरूमा अग्रणी महामहोपाध्याय गङ्गाधरशास्त्रीसँग साहित्य विषयको अध्ययन गरेर कलकत्ताको काव्यतीर्थको परीक्षा पनि सजिलैसँग प्रथमश्रेणीमा पास गर्नुभयो ॥१७॥

अद्वैतविद्यामथ जैमिनीयं मिताक्षरादीनपि तद्विशिष्टैः ।
अध्यापितः खण्डमयीः परीक्षा वितीर्य जातश्चतुरस्रबुद्धः ॥१८॥

त्यसपछि पनि फेरि साथसाथै उहाँले तत्तद्विषयका विद्वान्हरूसँग वेदान्त मीमांसा धर्मशास्त्रको अध्ययन गर्नुभयो । (सुब्रह्मण्यशास्त्रीसंग वेदान्त । साहित्य मीमांसा धर्मशास्त्रचाहिँ गङ्गाधर शास्त्रीसँग) अध्ययन गर्दै खण्डपरीक्षा दिंदै जानुभयो । यस प्रकारको धेरै विषयको अध्ययनले गर्दा उहाँको बुद्धि पनि चतुरस्र भएर फैलिंदै गयो ॥१८॥

गीर्वाणवाण्यां सुषमाप्रसृत्यै पत्रीं नवां सूक्तिसुधाभिधानाम् ।
अन्वर्थभाषामयसुन्दरीं च प्रावर्तयद् वर्षयुगं वयस्यैः ॥४९॥

उहाँले संस्कृत भाषामा विशेष सौन्दर्य फैलाउन र आफ्नो विशेषयोग्यता पनि बनाउन दौंतरी साथीहरूलाई साथलिई नाम अनुसारको काम पनि भएको बडो सुन्दर सूक्तिसुधा नामक पत्रिका दुई वर्षसम्म चलाउनु भयो ॥१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रेष्वधीतौ रुचिरेऽपि लेखे प्रवर्तमानो बहुशः प्रयत्य ।
असौ प्रसिद्धिं प्रचुरामवाप वर्ग्यानधीतिप्रवणानतीत्य ॥२०॥

शास्त्रको अध्ययनमा र लेख सुन्दर बनाउनमा पनि विशेष परिश्रम गर्दै जानु भएकोले पढ्नेमा दरिएका आफ्ना अरू चलाख साथीहरूलाई समेत उछिनेर उहाँ खूब प्रख्यात हुनुभयो र आफ्नो ठूलो नाम चलाउनु भयो ॥२०॥

वर्षे त्रिषष्टिप्रमिते १९६३ गयायां समागतं तातमुपेयिवान् सः ।
वेदान्तबोधं बहुलं प्रदर्श्य सन्तोषयामास तदन्तरङ्गम् ॥२१॥

वि. सं. १९६३ सालमा उहाँका पिताजी पं. जगन्नाथ गया जानु भयो । पत्रद्वारा त्यो थाहा पाएर उहाँ पनि काशीमा बसेका आफ्ना मध्यमपितृव्य साथ लिई गया मै आएर पिताजीसँग भेट गर्नुभयो र प्रसङ्गवश वार्ता हुँदा वेदान्त विषयको राम्रो अध्ययन गरी आफूले प्रशस्त ज्ञान गरेको आफ्नो योग्यता दर्शाएर उहाँले वेदान्त विषयका विशेष ज्ञाता पिताजीलाई सन्तोष दिलाउनु भयो ॥२१॥

स्थित्वा विदेशेऽपि पितुर्निदेशे चर्या बभूवास्य परोक्षसेवा ।
अभून्मिथः शास्त्रकथाप्रसङ्गे सन्तोषणं त्वस्य समक्षसेवा ॥२२॥

विदेशमा रहेर पनि पिताजीको चिट्ठी पत्रको निर्देशन अनुसार आचरण गरेर रहनु उहाँको परोक्ष सेवा हुन्थ्यो र परस्परमा शास्त्रीयचर्चाको प्रसङ्गद्वारा पिताजीलाई सन्तोष गराउनु चाहिँ उहाँको प्रत्यक्ष सेवा भएको थियो ॥२२॥

काश्यामुपेतः पितुरुत्तराब्दे श्रुत्वा त्वकस्मात् परलोकयात्राम् ।
गङ्गाजलैः साश्रु ददौ निवापं पृष्ठेऽर्धचन्द्रं पतितं च मेने ॥२३॥

गयामा भेट गरेर काशी जानु भएपछि आउँदो आषाढमा अकस्मात् पिताजी परलोक हुनुभएको खबर सुन्नु पर्दा उहाँलाई पिठ्यूँमा खुंडाले लागेको पीडाको जस्तो अनुभव भयो र गङ्गाजीमा गएर पिताजीको नाममा रुँदै तिलाञ्जलि दिनुभयो ॥२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वाधिकारप्रतिगामि दैवमारोहणं सावधिकं विधत्ते ।
निमित्तमेकं परिकल्प्य दिष्टं सीमानिबन्धं कुरुते यथेच्छम् ॥२४॥

सबै गर्ने गराउने दैव नै हो । उसले सबै अधिकार आफ्नो हातमा लिएको छ । ऊ कसैको उत्कर्ष गराउनु छ भने कुनै अवधिभित्र गर्छ गराउँछ । त्यो दैव कुनै एउटा निमित्त कल्पना गरेर सीमा बाँध्दछ र त्यसै भित्र सबैलाई राखेर जे गर्नु छ अनि आफ्नो इच्छा अनुसार गर्छ ॥२४॥

सयाप्य वर्षाणि नवैव काश्यां वर्षे चतुर्विंशमसुप्रविष्टः ।
अब्दे चतुःषष्टिमिते १९६४ स्वदेशमहार्यसन्देशवशः प्रतस्थे ॥२५॥

नौ वर्ष काशीमा बिताएर उहाँ चौबीस वर्षको उमेरमा प्रवेश हुँदा उहाँलाई नेपाल नआइनहुने चिठ्ठी गयो र सोही चिट्ठीको आधारमा वि. सं. १९६४ सालमा उहाँ स्वदेश फर्कनु भयो ॥२५॥

प्रत्यागतो बन्धुजनानुरोधाद् गार्हस्थ्यभारं शिरसा दधानः ।
शोकाब्धिमग्नां जननीं द्वितीयामाश्वासयामास तदात्मजौ च ॥२६॥

काशीबाट फर्छेपछि बन्धुवर्गको आग्रह अनुसार उहाँले गृहस्थाश्रमको सबै भार आफ्नो शिरमा वहन गर्नुभयो र शोक सागरमा डुबेकी आफ्नी सपत्नमाता र वहाँका दुइछोरा अर्थात् आफ्ना सपत्नभाइहरूलाइ समेत सान्त्वना दिनु भयो ॥२६॥

समागतोऽसावचिरात् प्रधानविद्यालयेऽध्यापयितुं नियुक्तः ।
वर्षे चतुःषष्टिमिते १९६४ सहर्षं शिष्यान् बहून् पाठयितुं प्रवृत्तः ॥२७॥

नेपाल आउने बित्तिकै तुरुन्त रानीपोखरी प्रधान पाठशालाको अध्यापकमा नियुक्त भएर उहाँले वि. सं. १९६४ सालदेखि नै प्रशस्त विद्यार्थीहरूलाई पढाउन लाग्नुभयो ॥२७॥

विद्यालये स्वे सदनेऽपि शिक्षां कक्षानुरूपां प्रदिशञ्जनेभ्यः ।
दीक्षां वहन् ज्ञानविधानयज्ञे सर्वं वयो योजयितुं ससञ्ज ॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालयमा पनि घरमा पनि छात्रहरूलाई उनीहरूको कक्षा र योग्यता अनुसारको शिक्षा दिंदै जानुभयो । उहाँले यसैगरी आफू ज्ञानयज्ञको दीक्षित बनेर विद्यादान गर्दै आफ्नो सम्पूर्ण जीवन बिताउने निर्णय गर्नुभयो ।।२८।।

चिराय सन्तानसुखातुरायाः प्रियङ्करोऽसौ गिरिजास्यपत्न्याः ।
भार्यां परां दोलकुमारिकाख्यां त्रिंशद्वयस्कः खलु पर्यणैषीत् ।।२९।।

सन्तान नहुँदा धेरै कालदेखि सन्तानको सुखमा हतारिएकी आफ्नी ज्येष्ठपत्नी गिरिजाको चित्त बुझाउन उहाँले आफ्नो तीस वर्षको उमेरमा दोलकुमारी नाउँ गरेकी कन्यासँग दोस्रो विवाह गर्नुभयो ।।२९।।

सापत्नदोषापगमात् किलाऽऽद्या प्रसूय पुत्रीं सुषुवे सुतं च ।
पुंनामकष्टं परिहर्तुमेव जातः सुतो वर्षयुगेऽस्तमाप ।।३०।।

सौतिनी ग्रहको दोष छुटे पछि जेठी पत्नीले नै क्रमैसँग यौटी छोरी र यौटा छोरो जन्माइन् । छोरो केवल पुंनाम नरकको कष्ट छुटाउन जन्मेको हुँदा ऊ दुई वर्षको उमेरमा नै यस लोकबाट अस्ताएर गयो ।।३०।।

युग्मस्वराङ्कक्षितिवैकमाब्दे १९७२ विद्यालये प्राप पदं प्रधानम् ।
षट्त्रिंशदब्दान्तमिह प्रयस्य प्रावर्तयत् कार्यमिदं प्रशस्यम् ।।३१।।

वि. सं. १९७२ सालमा उहाँले रानीपोखरी प्रधानपाठशालाको प्रधानाध्यापकको पद पाउनु भयो र सो प्रधानाध्यापकको पदमा रहेर उहाँले २६ वर्षको अवधिसम्म प्रशस्त मेहनत गरेर राम्रोसँग कार्य सञ्चालन गर्नुभयो ।।३१।।

ज्येष्ठा सुताऽऽसीन्ननु शान्तिनाम्नी पुत्री द्वितीयाऽपि बभूव तस्याः ।
त्र्यब्दाद् द्वितीया तु दिवं प्रपेदे योगं वियोगं विशिनष्टि दैवम् ।।३२।।

गिरिजाकी शान्ति नाउँ गरेकी जेठी छोरी थिइन् । फेरी केही पछि उनैकी दोस्री छोरी पनि भइन्, तर दोस्री भने तीनै वर्षको उमेरमा स्वर्गतिरको बाटो लागेर गइन् । संयोग गराउने पनि वियोग गराउने पनि उही दैव रहेछ ऊ संग कसको के लाग्दो रहेछ र ! ।।३२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रादायि योग्याय वराय शान्तिः सा बालवैधव्यमवाप हन्त ! ।
करोति लोकोऽप्रगतौ प्रयत्नं न पश्यति स्वामपि पृष्ठभूमिम् ॥३३॥

के गर्नु ! दिन त वहाँकी ज्येठी छोरी शान्ति असल योग्य वरलाई दिइएकी थिइन्, तर बडो दुःखको कुरा छ, उनी बालखैमा विधवा भइन् । दुनियाँ जो पनि आफू मात्र अगाडि बढ्ने प्रयत्न गर्दछ, तर आफ्नो पृष्ठभूमि (पछाडिकं कुरालाई) भने कोही देख्तैन ॥३३॥

प्रयत्नशीला गिरिजा कुलस्य क्षेमार्थमन्यां ललितां विवाह्य ।
भर्तुश्चतुर्भिर्दशकैर्मितस्य सेवाकृतेऽन्यां प्रतिमां व्यधत्त ॥३४॥

वहाँकी ज्येष्ठपत्नी गिरिजा आफ्नो वंशरक्षमा ज्यादै प्रयत्नशील थिइन् यस कारण उनले ललितासँग तेस्रो विवाह गराएर चालिस वर्षको उमेर भएका आफ्ना पतिको सेवा गर्न आर्को मूर्ति खडा गरेर राखिदिइन् ॥३४॥

हा ! हा !! नवत्यङ्कितवर्ष १९९० माघे सप्तग्रहीयोगकरालकाले ।
बभूव खण्डप्रलयानुकल्पो भूकम्पनोत्पातकृतो विनाशः ॥३५॥

वि. सं. १९९० सालको माघ महीनामा सप्तग्रही योग परेकोले त्यस विकराल समयमा ठूलो भूकम्प गयो र एक किसिमको खण्डप्रलय जस्तै भयो । यस भूकम्पको उत्पातले धेरै विनाश पारेर सबैतिर हाहाकार मच्चायो ॥३५॥

विध्वंसनाद् ग्रामपुरीगृहाणां नाशाज्जनानां बहुसम्पदाञ्च ।
दुःखाकुलाभूदिह लोकयात्रा स्थितिः कथञ्चिच्छमिताक्रमेण ॥३६॥

त्यस भूकम्पबाट गाउँ तथा शहरका घरहरू सबै ध्वस्त भए । धन जनको ज्यादै ठूलो क्षति भयो । दुनियाँको खाने पिउने व्यवस्थासम्म पनि नहुँदा सबै दुःखले आकुल व्याकुल भए । पछि फेरि बल्ल-तल्ल गर्दै स्थिति सुध्रिँदै आयो ॥३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चाङ्कनाथेन्दु १९९५ मिताब्दमाघे श्रीजुद्धशंशेरनृपस्य हर्म्ये ।
सप्ताहयज्ञं विधिवद् विधाय विशेषसत्कारमवाप विद्वान् ॥३७॥

वि. सं. १९९५ साल माघ महीनामा श्री ३ महाराज जुद्धशमशेरले पण्डित श्रीसोमनाथज्यूलाई सप्ताह भन्न लगाई आफूले सुन्ने इच्छा गर्दा जुद्धशमशेरको दरवारमा गएर वहाँले विधिपूर्वक सप्ताह भनिदिनुभयो र प्रसन्न भएका राजाबाट वहाँले दक्षिणाका साथ विशेष सत्कार पनि पाउनुभयो ॥३७॥

ऋत्वङ्कनिध्येक १९९६ शरद्वसन्ते राजाज्ञया दार्जिलिङप्रदेशम् ।
उपेत्य धर्मस्थितये विशिष्य प्रातिष्ठिपत् सुन्दरधीरधाम ॥३८॥

वि. सं. १९९६ सालको वसन्त ऋतुमा श्री ३ जुद्धशमशेरको आज्ञानुसार दार्जिलिङमा गएर धर्मसंस्थापनका निमित्त वहाँले धीरेश्वर महादेवको स्थापना गरी सुन्दर धीरधामको विधिपूर्वक प्रतिष्ठा गरिदिनुभयो ॥३८॥

आरुह्य पौरस्त्यमिहाद्रिशृङ्गं सूर्योदयप्राक्तनरश्मिशोभाम् ।
प्रत्यूषकाले नभसि प्रसृप्तां दृष्ट्वाऽऽययौ हृष्टमनाः स्वदेशम् ॥३९॥

त्यहाँ दार्जिलिङदेखि पूर्वपट्टि अग्लो हिमालोपहाडको टाकुरो (टाइगरहिल) बाट देखिने आकाशमा फैलिएका नानारङका सूर्यका किरणहरूको सुन्दर शोभाको अवलोकन गरी प्रसन्न मनले स्वदेश फर्कनुभयो ॥३९॥

सप्ताङ्कनाथेन्दु १९९७ मिताब्दमाघे स्वर्गं गतायां गिरिजाद्यपत्न्याम् ।
अर्धाङ्गवैकल्यमवाप शान्तिं स्थैर्येण धैर्येण मृदूचकार ॥४०॥

वि. सं. १९९७ सालको माघ महीनामा अकस्मात् वहाँकी ज्येष्ठपत्नी गिरिजाको देहावसान भयो । पत्नी वियोगस्वरूप अर्धाङ्ग विकलताबाट उत्पन्न भएको अशान्तिलाई आपनो अटल धैर्यद्वारा क्रमैले सबै शान्त गराउनुभयो ॥४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सांसारिकीयं स्थितिरीदृगेवमतर्क्यसंयोगवियोगचित्रा ।
दैवोमभेद्यामुदयास्तवृद्धिक्षयव्यवस्थां कतमः प्रमार्ष्टि ॥४१॥

संसारको स्थिति नै यस्तै छ। कसको कोसंग कहिले संयोग हुन्छ र कहिले वियोग हुन्छ, यो कुरा कसैले तर्क गरेर भन्न सक्तैन, यो साह्रै विचित्रको कुरा छ । दैवले गरेको संसारको उदय, अस्त, वृद्धि र क्षय आदिको व्यवस्थालाई कसले मेट्न सक्तछ ? ॥४१॥

सा धर्मपत्नी गिरिजा गताऽस्तं तत्सन्ततिः केवलमेकशेषा ।
भार्या द्वितीया ऽप्यपराऽनपत्या पूर्वार्जितं कर्म फलत्यवश्यम् ॥४२॥

वहाँकी ज्येष्ठपत्नी गिरिजा परलोक हुनुभयो वहाँकी केवल यौटी छोरी बाँकी छन् । दोस्त्री पत्नी र अर्की कान्छी पत्नी पनि निःसन्तानकी भइन् । आफूले पूर्वजन्ममा जेजति राखेको छ त्यति भागमात्र पाइँदो रहेछ ॥४२॥

अहो ! परोक्षे प्रतिरुद्धदृष्टिर्जनो विधत्ते बहुसाहसिक्यम् ।
फलं तु दैवस्य वशे विशेषात् संसारयात्रेयमतीव चित्रा ॥४३॥

बडो आश्चर्य छ ! । मानिसको पछाडि आँखा छोपिएको हुँदा ऊ आफ्नो पछाडिको कुरा केहो देख्तैन र जान्दैन पनि । यसैले ऊ केही भैहाल्छ कि भनेर ठूलो साहस लिएर कर्म गर्छ, तर फल भने विशेष गरेर दैवको अधीनमा छ । यस्तै हो, संसारको गति नै विचित्र छ ॥४३॥

सुखाय कर्माणि करोति लोको न तैः सुखं वाऽन्यदुपारमं वा ।
विन्देत भूयस्तत एव दुःखमित्याह सत्यं विदुरः पुरापि ॥४४॥

मानिस सुखको लागि मरिमेटेर कर्म गर्छ, तर त्यस कर्मबाट ऊ न सुख पाउँछ, नत तो कर्महरूबाट छुट्कारा नै पाउँछ । त्यसबाट झन उल्टो दुःख पाउँछ । यही कुरा अघि विदुरले पनि भनेका थिए ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवृत्तिरन्याऽस्तु यथातथा वा स ज्ञानयज्ञस्त्वचलत् सदैव ।
एतस्य विद्याव्यवसायवृद्धिस्तोषाय मानाय शुभाय चाभूत् ॥४५॥

वहाँको अरू विधिव्यवहार जसो तसो गरी चल्दै गएको थियो, तर ज्ञानयज्ञ अर्थात् अध्ययन र अध्यापनको क्रम चाहिँ सदा सर्वदा चलि नै रह्यो। वहाँको यो विद्याव्यवसायको वृद्धिले सन्तोष, मान र कल्याणका निमित्त बहाँलाई ठूलो काम दियो ॥४५॥

अमुष्य शास्त्रीयविशिष्टदाक्ष्यतुष्टेन भूपेन गजाङ्क वर्षे १९९८ ।
गोरक्षभूदक्षिणबाहुतुर्यकक्षा प्रदत्ता पदन साकम् ॥४६॥

वहाँको शास्त्रमा विशेष दक्षता देखेर प्रसन्न भएका राजा श्री ३ जुद्ध-शमशेरले वि. सं. १९९८ मा वहाँलाई गोरखा दक्षिणबाहुको चौथो दर्जा दिनुभयो ॥४६॥

सहस्रयुग्मोत्तरमाद्यवर्षे २००१ माघेऽद्भुताऽभूद्धिमवृष्टिरत्र ।
दिष्ट्या ततः पूर्वदिने प्रतीचीमुद्दिश्य दारैः सहितः प्रतस्थे ॥४७॥

वि. सं. २००१ सालको माघ महीनामा नेपाल अधिराज्यमा अचम्म सित हिउँ पऱ्यो। तर भाग्यवश हिउँपर्ने अघिल्लै दिन वहाँ आफ्ना परिवारहरूले सहित भएर देवदेवीको दर्शन र तीर्थयात्राका निमित्त आफ्नो घरबाट पश्चिम पहाड तर्फ प्रस्थान गरिसक्नुभएको थियो ॥४७॥

उच्चावचानां बहुशो गिरीणामारोहणैःस्तैरवरोहणैश्च ।
दृश्यैरनेकैर्निनदैर्नदीनां यात्राऽभवन्नैकरसा तदीया ॥४८।

अग्ला र होचा अनेकौं पहाडहरूको उक्लाइ ओर्लाइ, नौला नौला प्राकृतिक दृश्यहरूले र नदीहरूका छड् छड् आवाजले गर्दा वहाँहरूको यात्रा ज्यादै रसिलो भयो ॥४८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्ट्वा मनःकामितदायिदेवीं पुण्यं रुरुक्षेत्रमुपेत्य पद्भ्याम् ।
पाल्पां ततो वाष्परथेन काशीं गत्वाऽऽययौ स्वं सदनं सहर्षम् ॥४९॥

वहाँहरू पैदलै गएर मनकामना भगवतीको दर्शन गर्नुभयो। त्यसपछि ज्यादै पुण्य क्षेत्रमा गनिएको रुरुक्षेत्र (रिडी) जानुभयो। त्यहाँबाट पनि पैदलै हिँडेर पाल्पा पुग्नुभयो। पाल्पाबाट रेलको बाटो गरी काशी जानुभयो। काशीमा पुगेपछि आफ्नो यात्रा पूरा भएको संझी बडो खुशीले आफ्नो घर तर्फ फर्कनुभयो ॥४९॥

अब्दे शताब्द्याः प्रथमेऽपरस्याः २००१ षट्त्रिंशदब्दावधिकर्मपूर्तौ ।
कृतज्ञतासूचकदीर्घसेवापट्टः प्रदत्तः क्षितिपेन तस्मै ॥५०॥

वि. सं. २००१ सालमा वहाँको नोकरीको अवधि छत्तीस वर्ष पूरा भएको हुँदा इमान्दारीसाथ धेरै कालसम्म अविच्छिन्न सेवा गरे वापत वहाँलाई राजा जुद्धशमशेरले कृतज्ञतासूचक दीर्घसेवापट्ट प्रदान गर्नुभयो ॥५०॥

श्रीहेमराजो विदुषां वरेण्यो भृभृद्गुरुर्यस्य गुणैर्विकृष्टः ।
कृत्येषु साहित्यमवाप्य यावज्जीवं दधौ प्रेमदृशं दयाञ्च ॥५१॥

जुन विशिष्ट विद्वान् श्रीसोमनाथज्यूका गुणले आकर्षित भएर राजगुरु विद्वच्छिरोमणि श्रीहेमराजज्यूले आफ्ना परिआएका हरेक शास्त्रीय कृत्यहरूमा वहाँसँग सहायता लिएर मात्र काम गर्न लाग्नुभयो। सोमनाथज्यूबाट यसरी आफूले ठूलो सहायता पाएको हुँदा हेमराजज्यू पनि जीवन भर वहाँलाई प्रेमदृष्टिले हेर्नु हुन्थ्यो र वहाँप्रति दयादृष्टि पनि राख्नुहुन्थ्यो ॥५१॥

सर्वस्तुतेः काश्यपसंहितायाः प्रस्तावलेखेऽपि स हेमराज ।
अस्य प्रकामं सहयोगमाप्य कृतज्ञतावाचमवोचदुच्चैः ॥५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबैले प्रशंसा गरिएको काश्यपसंहिताको भूमिका लेख्दा वहाँबाटै ठूलो सहायता पाएको हुँ भन्ने कुरामा स्वयं हेमराजज्यूले खुला दिलले स्पष्ट रूपमा कृतज्ञता प्रकट गर्नुभएकै छ ॥५२॥

घण्टागृहस्थां चिरसङ्गृहीतग्रन्थावलीं शोधयितुं नियुक्तः ।
वर्षैरनेकैरभिवीक्ष्य शुद्धां सूचीं नवीनां समपादयत् सः ॥५३॥

धेरै अघिदेखि सङ्ग्रह गरेर घण्टाघर वीरपुस्तकालयमा राखिएका प्राचीन हस्तलिखित ग्रन्थहरूको सूची पत्र तयार गर्नाको लागि वहाँ नै खटिनु भयो र वहाँले सबै ग्रन्थहरूको एकेक अध्ययन गरी धेरै वर्ष लगाई शुद्ध नयाँ र संक्षेप्रमा विषय बोध हुने गरी सूची पत्र तयार गरिदिनुभयो ॥५३॥

शास्त्रेस्वनेकेषु जनाननेकान् विनीय सञ्चाल्य विशेषकार्यम् ।
लोकोपकाराय दृढव्रतोऽसौ लोके प्रशस्योऽतितरां बभूव ॥५४॥

वहाँले अनेकौं छात्रहरूलाइ विभिन्न शास्त्रहरूमा तालीम गराउनुका साथै अरू विशेष कार्य पनि चलाएर लोकको उपकारमा दृढव्रत लिनु भएको थियो। यसैले गर्दा वहां लोकमा ज्यादै प्रशंसापात्र वन्नुभयो ॥५४॥

शास्त्रानुवन्धीनि शुभावहानि धर्म्याणि कर्माण्यपि नैकवारान् ।
सम्पूर्य सम्यङ् निजयोग्यतायाः प्रदर्शनं सामयिकं व्यधत्त ॥५५॥

नेपालमा राष्ट्रको भलो हुने प्रत्यक्ष फलदायक शास्त्रसंमत अनेक यज्ञयागादि धर्मकार्यहरू पनि आफ्नो आचार्यत्वमा अनेक पटक सम्पादन गरेर प्रत्यक्ष फल देखाई आफ्नो योग्यताको परिचय र शास्त्रीय कर्मको चमत्कारको समेत प्रदर्शन पनि गर्नुभएको थियो ॥५५॥

अध्यापितास्तेन जनाः शतानि नेपालदेशे परितो विभान्ति ।
शास्त्रेष्वनेकेषु भृशं विनीताः प्राप्तप्रतिष्ठा विलसन्ति केचित् ॥५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वहाँले अनेकौं चेलाहरूलाई पढाउनुभयो। वहाँका चेलाहरू नेपालमा सर्वत्र फिँजिएका छन्। धेरै शास्त्रमा विशेष तालीम पाएका वहाँका केही विशिष्ट चेलाहरू त विशेष मान प्रतिष्ठाले विभूषित भएका पनि छन् ॥५६॥

अध्यापनं प्रोन्नतवाङ्मयानामालोचनं लेखनमप्यजस्रम्।
प्रवर्तयन्नेष सुधीः स्वमायुः प्रयस्य बाढं सफलीकरोति ॥५७॥

हरवखत उच्च कोटिका शास्त्रहरूको अध्यापन, अवलोकन, आलोचन र लेख लेख्ने काम समेत चलाउँदै ज्यादै परिश्रम गरेर प्रतिष्ठित विद्वान् वहाँले आफ्नो जीवनलाई अत्यन्त सफल तुल्याउनु भयो ॥५७॥

प्रौढे प्रबन्धेऽपि धियं निवेश्य भावं समुद्घाट्य विवृण्वतोऽर्थम्।
प्रगाढपाण्डित्यममुष्य भूरि सौभाग्यमन्तेवसतां व्यनक्ति ॥५८॥

अर्थ गर्न कठिन भएका उच्चकोटिका प्रौढ ग्रन्थहरूमा पनि आफ्नो बुद्धि लगाएर भाव छर्लङ्ग हुनेगरी अर्थ खुलाएर व्याख्या गर्ने वहांको त्यो प्रौढ पाण्डित्यले शिष्यहरूको ठूलो सौभाग्य खुलाइदिन्छ ॥५८॥

दृष्टं श्रुतं पृष्टमथानुरुध्य निध्याय चाद्यावधि वृत्तजातम्।
संक्षिप्य वर्णैरनतिप्रकाशैः श्रीपूज्यपादेषु समर्पयामि ॥५९॥

मैले आफूले देखेसुनेसम्मको केही र केही वहाँसँग सोधेर केही आफैंले विचार गरेर संक्षेपमा भाव स्पष्ट नभएको टुटे फुटेको शब्दमा कनीकुयी रचना गरिएको आजसम्मको वहाँको यो जीवनचरित्र श्रीपूज्यपाद गुरुवरका चरण-कमलमा समर्पण गर्दछु ॥५९॥

इति पूर्वभागः

समर्पकः—

वद्रीनाथशर्मा अधिकारी

महाविद्यालप्राध्यापकः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरभागः

आचार्यवाच उदिताः समये ऽवचित्य
सञ्चिन्त्य वृत्तघटना बहुशो विमृश्य ।
पूर्वार्धमग्रिमसतीर्थ्यकृतं प्रपूर्य
श्रीसोमनाथगुरुवृत्तमहं लिखामि ॥१॥

समय समयमा गुरुले स्वयं वताउनु भएका कुराहरू टिपोट गरेर अनि उहाँका जीवनका घटनाहरू धेरैजसो विचारपूर्वक सङ्कलन गरि पहिलेका साहित्य विषयका सहपाठी (दिवंगत बद्रीनाथ अधिकारी) ले रचना गर्नु भएको पूर्व भागलाई परिपूर्ण गर्न श्री सोमनाथ गुरुको जीवनचरित्र म (हरिनाथ) लेख्दछु ॥ १ ॥

सारस्वतामृतघट–प्रतिमासमानः
सत्कर्मशीलचरितैः प्रतिभासमानः ।
आचार्यवर्य उदितोचितसद्गुणश्रीः
श्रद्धाषयं समधितिष्ठति सञ्चिवश्रीः ॥२॥

सरस्वतीले हातमालिएको अमृतको घडाको प्रतिमा समान (विद्यारूपी अमृतघडाको प्रतिमूर्ति) अर्थात् सरस्वतीका अवतार, सत्कर्म, सत्शील, सच्चरित्र-हरूले ज्यादै चहकिला; उचित सद्गुणहरूले मान प्रतिष्ठा पाई सुशोभितभएका, विद्या र धन दुवै सञ्चय गरेका, आचार्यहरूमा श्रेष्ठ, गुरु सोमनाथ श्रद्धाको विषय हुनुभएको छ ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्शकोविदपदे परिचीयमानः
सोऽयं चिरं स्मृतिपथं श्रयतादिहेति ।
सञ्चिन्त्य पूज्यगुरुजीवनवृत्तमेत-
च्छ्रद्धासमिद्धहृदयो हि निबन्धुमीहे ॥३॥

आदर्श प्रतिष्ठित विद्वान्को पदमा सबैबाट परिचित भैरहनुभएको गुरु सोमनाथज्यू धेरै कालसम्म पछि पनि संझनाको विषय बनिरहनुहोला भन्ने चिन्तना गरेर हृदयमा विशेष श्रद्धा बढेको हुँदा म पूज्य गुरुको जीवन–चरित्र–स्वरूप यो निबन्ध रचना गर्ने चेष्टा गरिरहेको छु ॥३॥

नक्तन्दिवं द्रुतगतिः समयो विवर्ती
विश्वस्थितिं प्रकटयत्यसतीं सतीं वा ।
निःशेषिताऽपि परुषोदयया हिमान्या
प्रत्येति सा सुमनसां सुषमा वसन्ते ॥४॥

समय रात पछि दिन, दिन पछि रात हुँदै द्रुत गतिले सबैलाई परिवर्तन गर्दै चलिरहन्छ । यता त्यही समय कहिले राम्रो अथवा कहिले नराम्रो संसारको स्थिति पनि देखाउँदै जान्छ । फूलहरूको शोभा हिउँको कडा प्रहारले शिशिर ऋतुमा सखाप गराइसके तापनि फेरि वसन्त ऋतुमा उही शोभा फर्केर आउँछ ॥४॥

दिष्टस्य सर्वजनताशिरसि स्थितस्य
भूत्वा वशे स्वयमदृश्यतया स्थितोऽपि ।
भ्राम्यन् यथेच्छमिव दक्षिणवामगत्या
कालः करोति विकलं सकलं च सर्गम् ॥५॥

सम्पूर्ण जनताको पुर्पुरोमा आपनो आपनो प्रारब्ध लेखिएको हुन्छ, त्यसैको अधीनमा परेर काल आफू अदृश्यरूपमा लुकेर वसेको हुन्छ तापनि ऊ मानो आफू स्वतन्त्र छ कि भने जस्तै, आपनो इच्छा बमोजिम हो कि भने झैं गरी कहिले सव्य, कहिले अपसव्य, अर्थात् कहिले अनुकूल कहिले प्रतिकूल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएर दायाँ बायाँ जता मन लाग्यो उतै घुमाउँदै यो संसारलाई कहिले झकिझकाउ, कहिले भताभुङ्ग पारिदिन्छ। अर्थात् मानिसका कहिले असल दिन कहिले खराब दिन आउँछन् ॥५॥

यावच्चतुर्भिरधिकां विकटां शताब्दीं
राज्याधिकारमुपयातममात्यहस्ते ।
भूमीपतिस्त्रिभुवनः स्ववशे विधातुं
क्रान्तिं चकार गिरिखाभ्रभुजैर्मितेऽब्दे २००७ ॥६॥

एकपल्ट यस्तो विकट समय आएर एक शताब्दीसम्म रहिरह्यो कि जुन १०४ वर्ष सम्म राज्यको सम्पूर्ण अधिकार नै मन्त्रीको हातमा पर्नगयो। त्यो अधिकार फेरि आफ्नो हातमा फर्काउँन राजाले क्रान्ति गर्नुपर्ने भयो र श्री ५महाराजाधिराज त्रिभुवनले २००७ सालमा ठूलो क्रान्ति गरिवक्स्यो ॥६॥

तुष्ट्यै चिरं परवशत्वभुजां प्रजानां
पुष्ट्यै च दुर्बलतनोर्निजराज्यभूमेः ।
नव्यां प्रवर्त्य जनराज्यविधानशैली-
मैच्छत् समुन्नमयितुं नृपतिः स्वदेशम् ॥७॥

धेरै कालदेखि परतन्त्र भएर दुःख भोगिरहेका प्रजाको सुखसन्तोषका लागि ज्यादै शोषिएर क्षीण भैरहेको आफ्नो अधिराज्यको परिपुष्टिका साथै आफ्नो देशलाई समेत समुन्नत बनाउनका निमित्त पुरानो राज्यप्रणालीमा परिवर्तन ल्याउने आफ्नो इच्छा अनुसार श्री५त्रिभुवनले प्रजातन्त्र प्रणालीको नयाँ व्यवस्था चलाउन चाहिवक्स्यो ॥७॥

दोषान् निरस्य समयोचितशिक्षणेन
पोषं विधाय चिरसुप्तकलाकृतीनाम् ।
उद्योगमार्गमनुसार्य नृपः समन्तात्
सद्यो गतिं प्रगुणितां जनतासु चक्रे ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समयानुकूल शिक्षाको व्यवस्थाद्वारा पुराना खराब दोषहरूलाई हटाई, धेरै कालदेखि उठ्न नसकेका कलाकृतिहरूलाई उठाउनुका साथै देशमा सबैतिर धेरै किसिमका उद्योग–धन्दाहरूको समेत प्रचार प्रसार गराएर श्रीपृमहाराजाधिराज त्रिभुवनले देश र जनतामा सुधार ल्याई धेरै कुराको प्रगति गराइदिइवक्स्यो ॥८॥

जन्मोत्सवे क्षितिपतेर्गजसंख्यकाब्दे २००८
गोरक्षदक्षिणभुजस्य तृतीयकक्षाम् ।
आरुह्य मानमुचितं समवाप्य रेजे
सत्कार एव गुणिनां सुषमां विधत्ते ॥९॥

२००८ सालको श्रीपृत्रिभुवनको जन्मोत्सवमा श्रीसोमनाथज्यूले गोरखादक्षिणबाहुको तेश्रो दर्जा पाउनुभयो । गुण अनुसारको मान पाउँदा वहाँलाई ज्यादै सुहायो । हुनपनि गुणी जनमा परेको मान प्रतिष्ठाले नै विशेष शोभा गराउँछ ॥९॥

धर्मावलम्बनभुजायितसंस्कृतस्य
विद्यां विवर्धयितुमत्र नवाब्द २००९ शुक्रे ।
प्रातिष्ठिपद् बहुमुखाध्ययन महान्तं
विद्यालयं त्रिभुवनो भुवनोर्जितश्रीः ॥१०॥

धर्मको हस्तावलम्बन जस्तो भएको संस्कृत विद्याको समुन्नतिका लागि अन्ताराष्ट्रिय जगत्मा ख्याति बढ्दै गएका राजा श्री ५ त्रिभुवनले वि. सं. २००९ सालको ज्येष्ठ महीनामा धेरै विषयको पठन–पाठन चल्ने गरी संस्कृत महाविद्यालयको उद्घाटन गरिबक्स्यो ॥१०॥

विद्यालये महति तत्र नृपेण मुख्या-
चार्यासने समुपवेशित एष विद्वान् ।
अन्तेवसत्सु बहुषूपदिशत्सु शिक्षां
विद्योन्नतावभिमुखामकरोद् व्यवस्थाम् ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस महाविद्यालयमा राजाबाट ठूला विद्वान् वहाँ नै प्रधानाचार्यको पदमा राखिनुभयो । त्यस महाविद्यालयका प्राध्यापकहरू धेरै जसो वहाँका शिष्यहरू नै थिए । प्रधानाचार्यको पदमा रहेर वहाँले विद्याको उन्नतिका साथै संस्कृतशिक्षालाई अगाडि बढाउँदै लैजाने व्यवस्था मिलाउनुभयो ॥११॥

एतर्हि दार्शनिकसङ्घ इह प्रतिष्ठां
प्रापाऽस्य शास्त्रनिपुणस्य सभापतित्वे ।
यत्रातिमात्रमुचितेन पथा चिराय
सञ्चाल्यते सदसि दार्शनिको विचारः ॥१२॥

यसै अवस्थामा नेपालमा दार्शनिक सङ्घ खोलियो, त्यस सङ्घको सभापतिको पदमा षड्दर्शनमा पारङ्गत वहाँ नै निर्वाचित हुनुभयो । सर्वशास्त्रमा निपुण वहाँको सभापतित्वमा धेरै कालसम्म उचित तरिकाबाट धेरैजसो दार्शनिक विचारहरू सभामा सञ्चालित भए ॥१२॥

संस्थापिता समितिरप्यथ संस्कृतस्य
विश्वप्रसारकरणाय प्रसारिणीति ।
नारीषु संस्कृतसुशिक्षणकारि विद्या-
पीठं ययाऽत्र परिचालितमस्ति साधु ॥१३॥

सर्वत्र संस्कृतविद्याको प्रचार प्रसार होस् भन्ने उद्देश्यले संस्कृत प्रसारिणी समितिका नामले एक समिति खडा गरियो । त्यस्तै नारी जातिलाई संस्कृतको शिक्षादिने उद्देश्यले नारीविद्यापीठका नामले एक विद्यालय पनि खोलियो । जुन समितिद्वारा यहाँ त्यो विद्यालय आजसम्म पनि परिचालन भै रहेको छ ॥१३॥

नारीजने भवति संप्रति बालशिक्षा-
मारभ्य शास्त्रपरिशिक्षणमत्र पीठे ।
अस्यैव कोविदवरस्य सभापतित्वं
सञ्चालकत्वमपि तत्र चिराद् विभातम् ॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस नारीविद्यापीठमा आजकाल बालशिक्षा अर्थात् प्रारम्भिक कक्षादेखि लिएर संस्कृतविद्याको पनि पठन-पाठन चल्दछ। यी दुवै संस्थाको सभापतित्व र सञ्चालकत्व पनि धेरै कालसम्म वहाँमा नै सुशोभित भएर रहिरहेको थियो ॥१४॥

काश्यामभूदखिलभारतसंस्कृतज्ञ-
संमेलनं नवमवर्षभवं तृतीयम् (२००९)।
सङ्गत्य तत्र लखनौनगरीमुपेत्य
चक्रेऽश्मरीघटितशल्यचिकित्सितं च ॥१५॥

वि. सं. २००९ सालमा काशीमा तृतीय अखिल भारतीय संस्कृतज्ञ सम्मेलन भएको थियो। सो सम्मेलनमा भाग लिन वहाँ काशी पाल्नुभयो र सो सम्मेलन कार्य पूरा भएपछि त्यतैबाट लखनौ गएर वहाँले आफ्नो अश्मरी (पत्थरी) रोगको अप्रेशन पनि गर्नुभयो ॥१५॥

एकादशाब्द २०११ मधुमासि नृपः प्रकामैः
कामैः सहैव वसतिं द्युसदामयासीत्।
कालः करोति कुटिलां गतिमित्यवश्यं
सार्थक्यमेति भणितिः प्रतिकूलदैवे ॥१६॥

श्री ५ महाराजाधिराज त्रिभुवनको मनमा के कति कुरा गरौंला भन्ने इच्छा थियो, तर सबै इच्छा आफ्नै साथमा लिएर २०११ सालको चैत्र महीनामा देवताहरूको वस्ति अर्थात् स्वर्गतिर वहाँको सवारी भयो। दैव प्रतिकूल भएमा 'कालस्य कुटिला गतिः' अर्थात् 'कालको गति कुटिल हुन्छ' भन्ने यो उक्ति अवश्य पनि चरितार्थ हुँदोरहेछ ॥१६॥

तातेगते त्रिदशधाम महेन्द्रदेवो
राज्याधिरोहणविधिं विधिवद् विधाय।
आजीवनं स्थितिमतीं विदुषोऽस्य वृत्तिं
कर्तुं तदैव स कृतज्ञतयाऽऽदिदेश ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुबाज्यू श्री ५ त्रिभुवनको स्वर्गे भएपछि श्री ५ महेन्द्र सरकारले आफ्नो राज्यारोहणको शुभ साइतको सारा विधिविधान विधिपूर्वक गराउन सोमनाथ गुरुलाई नै लगाएर कृतज्ञता दर्शाउँदै श्री ५ महेन्द्र सरकारबाट आजीवन वहाँको जागिर दिगो रहिरहने गरिदिन हुकुम वक्स्यो ॥१७॥

यस्मिन् द्विशून्यशतकश्य गुणेन्दुवर्षे २०१३
राज्याभिषेचनविधानमहोत्सवोऽभूत् ।
राष्ट्रान्तराधिपतयोऽपि समेत्य यत्र
चक्रुर्महेन्द्रनृपतेरभिनन्दनानि ॥१८॥

वि. सं. २०१३ सालमा श्री ५ महाराजाधिराज महेन्द्र सरकारको राज्याभिषेकको महोत्सव सम्पन्न भयो र त्यस शुभ अवसरमा अन्य विभिन्न राष्ट्रहरूबाट राष्ट्राध्यक्षहरू आएर सबैले राजा महेन्द्रमा अभिनन्दन टक्र्याए ॥१८॥

राज्याभिषेचनविधेर्निगमाऽऽगमाभ्यां
सम्पादनाय निपुणं विदुषां वरेण्यम् ।
एतं समादिशदसौ प्रथमं महेन्द्रः
पूज्यन्त एव गुणिनां हि गुणाः सदैव ॥१९॥

राज्याभिषेक सम्बन्धी सबै विधिविधान सम्पन्न गर्न निगम तथा आगम दुवै विषय जान्ने विद्वान्को आवश्यक भएको र यता सोमनाथ गुरु सबै कुरामा शिपालु विशिष्ट विद्वान् हुनु भएकोले श्री ५ महेन्द्रबाट वहाँलाई नै प्रमुख गराएर राज्याभिषेकको सम्पूर्ण अभिभारा सुम्पिदिइवक्स्यो । हो पनि–गुणी जनका गुणहरू सधैं पूजिन्छन् ॥१९॥

आदेशमाद्यमददादिह गुह्यकाल्याः
पीठं सुवर्णमयमाकलितुं च तस्मै ।
पित्रा प्रवर्तितममुं जनतन्त्रमार्गं
व्यद्योतयज्जनहितैर्विविधैर्विधानैः ॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महेन्द्रले गुहयकालीको पीठमा सबै सुनले छाप्ने कार्यमा वहाँलाई नै प्रमुख बनाइवक्स्यो र राजाको आज्ञानुसार वहाँले सबै कार्य पूरा गरिदिनुभयो । यता श्री ५ महेन्द्र सरकारले जनहितलाई ध्यानमा राखी आफ्ना बुबाज्यूले चलाइ-वक्सेको प्रजातन्त्र पद्धतिलाई नाना किसिमका विधिविधानद्वारा [केही परिवर्तन गरी] अझ विकास गरिवक्स्यो ॥२०॥

धामत्रयाभिगमनं कृतवान् पुरैव
सोमः सहस्रयुगपूर्तिचतुर्दशाब्दे ।
केदारनाथबदरीपतिपुण्यतीर्थ-
यात्रार्थमेष परिवारयुतः प्रतस्थे ॥२१॥

गुरु सोमनाथज्यूले तीन धामको यात्रा त अघि नै पूरा गरिसक्नु भएको थियो । वि. सं. २०१४ सालमा वहाँ परिवारले सहित भएर ज्यादै पुण्यतीर्थ केदारनाथ बदरीनाथको तीर्थयात्राको लागि प्रस्थान गर्नु भयो ॥२१॥

देवस्थलाश्रमतपोवनधामयात्रा-
तीर्थावगाहसुरवन्दनपूजनाद्यैः ।
अन्तर्बहिश्च परिशुद्धिमवाप्य सोऽयं
मेने मनुष्यजनुषः फलमात्मनीनम् ॥२२॥

देवस्थल, ऋष्याश्रम, तपोवन आदि पवित्र धामहरूको यात्रा र तीर्थ स्नान, देवदर्शन, देवपूजा आदि पुण्यकर्मद्वारा आफ्नो भित्र बाहिर सबै पवित्र भएको अनुभव गरेर वहाँले आफ्नो मनुष्य जन्मको साफल्य यही नै ठान्नु भयो ॥२२॥

अस्मिन्ननेकशुभकृत्यवरिष्ठवर्षे
विद्वद्विशिष्टपरिषत्कलनां विधाय ।
तस्याः प्रतिष्ठितसदस्यपदे नियोज्य
संमानमस्य विदधौ स महीमहेन्द्रः ॥२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुभ कार्य धेरै हुनुपर्ने यस श्रेष्ठ वर्षमा भूस्वर्गका राजा महेन्द्रले विशिष्ट विद्वान्हरूले युक्त भएको प्रज्ञाप्रतिष्ठानको नामले एक विशिष्ट परिषद् खडा गरी त्यस परिषद्को विशिष्ट सदस्यको पदमा नियुक्त गरेर वहाँको ठूलो सम्मान गरिबक्स्यो ॥२३॥

तस्यां महापरिषदि स्वनियोजनस्य
वार्तां नवां वदरिकाश्रमवासकाले ।
संप्राप्य हृष्टसुहृदर्पितपत्रलेखात्
पुण्यस्थलस्य महिमानमसौ शशंस ॥२४॥

वहाँ वदरिकाश्रममा नै वसिरहनु भएको समयमा आपना हितैषी कुनै एकजना मित्रले खुशी भएर लेखेको पत्रबाट आफू त्यस परिषद्को सदस्यमा नियुक्ति भएको नयाँ खबर सुन्नुभयो र वहाँले यसलाइ पुण्यतीर्थको महिमा संझी प्रशंसा गर्नु भयो ॥२४॥

प्रत्येत्य देशमथ तन्नियमानुरोधा-
दाजीवनस्थितिमतीमपि पूर्वसेवाम् ।
सन्त्यज्य तत्परिषदः करणीयमाशु
प्रावर्तयद् विनयशोधितया धियाऽयम् ॥२५॥

तीर्थयात्राबाट स्वदेश फर्केपछि वहाँले प्रज्ञाप्रतिष्ठानको नियम अनुसार संस्कृत महाविद्यालयको आफ्नो आजीवन नोकरीलाइ समेत त्यागेर विद्या विनयले धारिएको बुद्धिले चाँडै नै त्यस परिषद्को कार्यभार समाल्नु भयो ॥२५॥

सम्पादितान् परिषदा बहुशो निबन्धान्
भूमीपतेः कुलपतेः सविधे निवेद्य ।
तेषां प्रकाशनकृते तिथिवर्ष २०१५ मार्गे
वाराणसीं प्रतययौ ललितासमेतः ॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रज्ञाप्रतिष्ठानद्वारा सम्पादन गरिएका प्रशस्त निबन्धहरू लिएर प्रतिष्ठान-का कुलपति श्री ५ महेन्द्रमा विन्ती गरी वि सं. २०१५ सालमा सबै निबन्धहरूको प्रकाशनका निमित्त आपनी पत्नी ललितालाइ साथ लिई वहाँ वाराणसी पाल्नु भयो ॥२६॥

कृत्वा निवासमिह शान्तिकुटीरसंज्ञे
भागीरथीतटगृहे प्रणयान्निमन्त्र्य ।
सत्कृत्य साधु बहुशो विदुषः प्रसिद्धान्
प्रावर्तयद् हृदयहारिविचारगोष्ठीम् ॥२७॥

काशीमा वहाँले भागीरथीको किनाराको नजीकमा शान्तिकुटीर भन्ने घरमा डेरा लिनुभयो । सोही डेरामा काशीका धेरैजसो प्रतिष्ठित विद्वान्हरू-लाई आदरपूर्वक निमन्त्रणा गरेर मर्यादा पूर्वक सबैको स्वागत सत्कार पनि गर्नु भयो र विचार गोष्ठीको रूपमा हृदयाकर्षक अतिमनोहर एक विद्वत्सभा गराउनु भयो ॥२७॥

प्रादर्शयत् सदसि तत्र विचारहेतो
रूपान्तरीकृतपरिष्कृतकौमुदीं सः ।
सर्वे विपश्चित इमां बहुशो विविच्य
संमेनिरे बहुललोकहितप्रकाशाम् ॥२८॥

वहाँले त्यस विद्वत्सभामा आफूले प्रतिसंस्कार गरेर रूपान्तरमा ल्याएको प्रतिसंस्कृता कौमुदीको विषयमा विद्वान्हरूको विचार बुझ्न त्यहाँ प्रस्तुत गर्नु भयो । सबै बिद्वान्हरूले त्यसलाई एकेक गरी सबै केलाएर हेरेपछि यो प्रकाशित भएमा धेरैको हित गर्नेछ भन्ने सम्मति दिए ॥२८॥

स्वीयान्यदीयपरिषद्धृतपुस्तकानां
मुद्राप्रबन्धमथ तत्र विधाय साधु ।
पुण्यप्रसादविदुषा सहभूय भूयः
प्रावर्तयत् समुचितं प्रचितं च कार्यम् ॥२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफूले सम्पादन गरेका र प्रज्ञाप्रतिष्ठानबाट सम्पादन भएका पुस्तकहरूको छपाइको सुप्रबन्धका निमित्त पुण्यप्रसाद नामक एक जना पण्डित साथमा लिई समुचित व्यवस्था मिलाउन लाग्नुभयो ॥२९॥

अत्रान्तरे प्रथितकाशिकराजकीय-
विद्यालये बुधजनैर्बहुशः कवीनाम् ।
देशान्तरादपि विशिष्य निमन्त्रितानां
संमेलनं बहुमुखं रजनौ व्यधायि ॥३०॥

यसै बीचमा प्रसिद्ध काशीस्थ राजकीय संस्कृत महाविद्यालयमा विद्वज्जनहरूले विदेशबाट समेत विशिष्ट विद्वान्हरू र कविहरू बोलाएर राती धेरै दिनसम्म विभिन्न विषयमा कविसंमेलन गराइयो ॥३०॥

नृत्यत्पदध्वनिमनोहरभावपूर्ण-
प्राचीननव्यमृदुगाढपथप्रकाशैः ।
च्योतद्रसैः श्रुतिसुखैर्निनदैः कवीनां
विष्वक्प्रतिध्वनिसखः पवनः ससार ॥३१॥

त्यस कविसम्मेलनमा त्यसै नाच्छन् कि जस्ता पदध्वनि र ज्यादै सुन्दर भावले भरिएका प्राचीन तथा नवीन, सरल र प्रौढ शैलीमा त्यसै रस चुहाउलान् कि जस्ता सुन्दैमा आनन्द दिने कविहरूका शब्दहरूले गुञ्जायमान भएको प्रतिध्वनि युक्त वातावरण सर्वत्र फैलियो ॥३१॥

नैकप्रतिष्ठितमहाकविसङ्गमेऽस्मिन्
सोऽयं सभापतिपदे कृतसत्कृतिस्तैः ।
संश्रावयन् हृदयहारि निजं कवित्वं
लेभेऽभितः सहृदयोदितसाधुवादम् ॥३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशस्त प्रतिष्ठित विद्वान् कविहरूको जमघट भएको त्यस सम्मेलनमा विद्वान्हरू द्वारा आदर सत्कार पूर्वक वहाँ नै सभापतिमा वरण गरिनुभयो । त्यस सभामा सभापतिको पदबाट वहाँले ज्यादै सुन्दर कविता सुनाउनु भयो र चारैतिर बाट विद्वान्हरूले एकै स्वरले हृदयंदेखि दिएको साधुवाद प्राप्त गर्नुभयो ।।३२।।

बालेशमन्दिरमनोहरपाठशाला
वेद्यामुमापतिकवेः सदसस्पतित्वे ।
वाराणसेयसुधियो बहवः समेत्य
संमाननोत्सवममुष्य विशिष्य चक्रुः ।।३३।।

वहाँको विद्वत्तादेखि प्रभावित भएर काशीको बालेश्वर मन्दिरको पाठशालामा काशीका धेरै विद्वान्हरू मिलेर कवि उमापतिको सभापतित्वमा वहाँको सम्मानका निमित्त विशेष उत्सव पनि गरे ।३३।।

गङ्गावगाहसुरदर्शनपूजनोत्थां
विद्वत्समागमभवां च मुदं विचित्य ।
आग्रीष्मभीष्मसमयेन समाप्य कार्यं
प्रत्याययौ प्रियतमां निजवासभूमिम् ।।३४।।

गङ्गास्नान, देवदर्शन तथा देवपूजनद्वारा उत्पन्न भएको आनन्द र विद्वान्हरूको समागमबाट उत्पन्न भएको विशेष हर्ष समेत सबै जम्मा गरेर काशीको ग्रीष्मऋतुको प्रचण्ड गर्मीको समय सम्ममा बल्ल तल्ल सबै कार्य पूर्ण गरी वहाँ प्राण भन्दा पनि प्यारो आफ्नै जन्मभूमिमा फर्केर आउनु भयो ।।३४।।

नामाङ्किते त्रिभुवनस्य विशिष्टविश्व-
विद्यालयेऽप्यधिकृतैर्बहुशोऽनुरुद्धः ।
आवर्तयत् कतिपयं समयं स्वभाषा-
साहित्यशिक्षणविभागमसौ सहर्षम् ।।३५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिभुवन विश्वविद्यालयका विशिष्ट अधिकारीहरूको बारंबारको विशेष आग्रह र अनुरोधबाट वहाँले विश्वविद्यालयमा गएर केही समय प्राध्यापन गरिदिई खुशीसंग राष्ट्रभाषा साहित्य विभागको सञ्चालन गरिदिनुभयो ।।३५।।

श्रीवेदमातुरनुकम्पनयाऽखिलस्य
राष्ट्रस्य शान्तिसुखवृद्धिसमृद्धिहेतोः ।
षट्चन्द्रखाक्षि २०१६ शरदस्तपसि प्रयोक्तुं
कोट्याहुतिक्रतुमियेष महेन्द्रभूपः ।।३६।।

श्रीपरमेश्वरी वेदमाताको अनुग्रहबाट राष्ट्रमा शान्ति, सुख तथा समृद्धि होस् र सबैको बडिबडाउ होस् भन्ने उद्देश्य लिएर श्री ५ महाराजाधिराज महेन्द्रबाट वि. सं. २०१६ सालको माघ महीनामा कोटिहोम लगाइवक्स्यो ।।३६।।

सिद्ध्यै क्रतोर्नरपतेरनुरोधतोऽय-
माचार्यतामुपगतः सहितो द्विजाग्र्यैः ।
त्रैपक्षिकेन समयेन यथाविधानं
सम्पाद्य पूर्तिमनयद् महनीययज्ञम् ।।३७।।

श्री ५ महाराजाधिराजको अनुरोधबाट सो कोटिहोम यज्ञ सिद्धिको निमित्त आचार्यमा वरण हुनुभयो र अरू विद्वान् ब्राह्मणहरूले सहित भएर वहाँले ज्यादै प्रशंसनीय त्यो कोटिहोम महायज्ञ डेढ महीना जतिको समयमा विधिपूर्वक सबै सम्पन्न गराउनु भयो ।।३७।।

अस्मिन् क्रतौ क्रतुभुजां प्रमुखत्वमाप्तो
हस्तान् प्रसार्य परितो हुतभुङ् ननर्त ।
वेदध्वनिर्नभसि संप्रसरन् द्विजाना-
मभ्युत्थितिं श्रुतिपथाश्रयिणां शशंस ।।३८।।

त्यस महायज्ञमा यज्ञको भाग खाने देवताहरूका प्रतिनिधिस्वरूप प्रमुख देवता अग्निदेव स्वयं देवता आएर आफ्नो भाग ग्रहण गर्न हात पसारेका हुन् कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै गरी ज्वाला फिजाउँदै यज्ञमण्डप वरिपरि नाच्न लागे । यता ब्राह्मणहरूको वेदध्वनि आकाशमा सर्वत्र फैलिदै गयो र यसले वैदिक ब्राह्मणहरूको विशेष उत्कर्ष जनायो ।।३८।।

वैदुष्यमस्य विधिवद्-विहिते क्रतौ च
दाक्ष्यं समीक्ष्य नृपतिः परितुष्टचेताः ।
यज्ञस्य पूर्तिमनु पण्डितराजमानं
दत्त्वा मुदा सदकरोत् सह दक्षिणाभिः ।।३९।।

वहाँले विधिपूर्वक त्यो कोटिहोम यज्ञ सम्पन्न गरिदिनु भयो । त्यहाँ वहाँको विद्वत्ताका साथै विधिपूर्वक त्यो कोटिहोम यज्ञसम्बन्धी कार्यदक्षता पनि राम्रो देखेर ज्यादै प्रसन्न चित्त भएका राजाबाट यज्ञ समाप्तिमा वहाँको ठूलो सत्कार गरेर दक्षिणाका साथ वहाँलाई पण्डितराज भन्ने विशेष मान पनि दिइयो ।।३९।।

श्रीमन्महेन्द्रजननोत्सवहर्षवर्षे
विद्वान् स विंशतिशतोत्तरविंश २०२० वर्षे ।
गोरक्षदक्षिणभुजादिमपूर्णकक्षा-
संमानमाप महता पदकेन साकम् ।।४०।।

वि. सं. २०२० सालको श्री ५ महेन्द्रको जन्मोत्सवको खुशीयालीमा वहाँले गोरखा दक्षिणबाहु पहिलो दर्जाको तक्मा सहित विशेष प्रतिष्ठा प्राप्त गर्नुभयो ।।४०।।

देहेन्द्रियोपचयशक्तिबलानि यावत्
कृत्यानि-विद्वदुचितानि बहूनि कृत्वा ।
वार्धक्यविश्लथशरीरवशोऽवकाशं
जग्राह स द्व्यधिकविंशति २०२२ संमितेऽब्दे ।।४१।।

वहाँले आफ्नो शरीरमा बल र इन्द्रियहरूमा शक्ति छउन्जेलसम्म विद्वान्ले गर्न लायक धेरै कार्यहरू सम्पन्न गर्नुभयो र बुढ्याइँले शरीर शिथिल भएपछि वि. सं २०२२ सालमा अवकाश प्राप्त गर्नु भयो ।।४१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चाशदब्दधृतशिक्षणकार्यभारो
वर्षाष्टकं परिषदः कृतिषु प्रसक्तः ।
कृत्वोपषष्टिशरदो निजदेशसेवां
विश्रान्तिमाप शिथिलो वयसि द्व्यशीतौ ॥४२॥

पूरा पचाश वर्षसम्म अध्यापक, प्रधानाध्यापक र प्रधानाचार्यको तहमा रही शिक्षासम्बन्धी कार्यभार सम्हालेर आठ वर्षसम्म प्रज्ञाप्रतिष्ठानको संमानित सदस्य भै विशेष कार्यमा लागेको समेत गरी जम्मा दुइ कम साठी वर्षसम्म अथक परिश्रमले देश सेवा गरेर शरीर सबै शिथिल भैसकेपछि वयाशी वर्षको उमेरमा वहाँले अवकाश ग्रहण गर्नु भयो ॥४२॥

कार्यान्निवृत्तिमभिलष्यति हीनशक्ति-
र्योग्यं जनं त्यजति नैव कदापि कार्यम् ।
अध्यात्मदृष्टिमहिमावहसङ्गमार्थं
दाङ्गप्रदेशमगमत् स जनानुरुद्धः । ४३॥

यद्यपि मानिस शक्तिहीन भएपछि विश्रान्ति लिन खोज्दछ, तर योग्य गुणी पुरुषलाई कार्यले कदापि छोड्दैन । वहाँ त्यस अवस्थामा पनि विद्वान्हरूको अनुरोधबाट बृहद् आध्यात्मिक परिषद्को महाधिवेशनमा भाग लिन दाङ जानुभयो ॥४३॥

स्थाप्ये तदीयपरिषन्महतीह केन्द्रे
संस्थापिता त्र्यधिकविंशति २०२३ वर्षराधे ।
तस्यां सभापतिपदे जनतावृतोऽसौ
तस्थौ परिस्थितिवशः समयं कियन्तम् ॥४४॥

त्यस बृहद् आध्यात्मिक परिषद्को केन्द्रीय कार्यालय वि. सं. २०२३ सालको वैशाख महीनामा दाङमा स्थापना भयो । त्यसको सभापति पदमा जनतालेवहाँलाई नै वरण गऱ्यो र परिस्थितिवश वहाँ केही कालसम्म त्यस परिषद्को सभापति पदमा रहनु भयो ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देहेन्द्रियेषु शिथिलेषु विनानुरधा-
दध्यात्मचिन्तनरुचिः समुदेति बाढम् ।
आरोहणीगतिरुदेति पथि प्रवृत्तेः
श्रान्तोऽभिलष्यति गभीरपदं निवृत्तेः ॥४५॥

जब मानिसका देह र इन्द्रियहरू शिथिल हुन्छन् अनि उसलाइ कसैले अनुरोध नगरीकन नै अध्यात्म विषयको चिन्तन तर्फ रात्रै रुचि आफसें आफ उदय हुन्छ । यो कुरा मनासिवै हो, किनभने जबसम्म मानिस प्रकृत्तिमार्गमा लागेको हुन्छ, तबसम्म धन र मान बढाउँदै माथि माथि जाने इच्छा बढ्दै जान्छ । जब प्रवृत्तिमार्गबाट थकित हुन्छ अनि निवृत्ति मार्गको गम्भीर् पद अर्थात् ब्रह्मचिन्तन तर्फ अभिलाषा गर्दछ । ॥४५॥

विद्यार्जनाय वयसि प्रथमे प्रयत्नं
पात्रेषु तत्प्रणयनेऽभिरुचिं द्वितीये ।
अन्तर्बहिश्च परिशुद्धिविधिं तृतीये
निष्पाद्य शान्तिपदमाद्रियते चतुर्थे ॥४६॥

मानिस पहिलो अवस्थामा विद्याको उपार्जनका निमित्त परिश्रम गर्दछ । दोस्रो अवस्थामा आफूले आर्जेको विद्या सत्पात्र शिष्यमा राख्न खोज्दछ । तेस्रो अवस्थामा आफ्नो बाहिर पनि भित्र पनि शुद्ध बनाउने विधिविधान गर्दछ र चौथो अवस्थामा केवल शान्ति पदको आश्रय लिन्छ ॥४६॥

अध्यापिताः प्रचुरशिष्यजना अनेनाऽ-
जायन्त तेषु बहुशो विषयेषु दक्षाः ।
तत्तत्स्थलेषु समवाप्तगुरुप्रतिष्ठाः
सङ्केतयन्ति विदुषोऽस्य विशिष्टकक्षाम् ॥४७॥

वहाँले धेरै शिष्यहरू पढाउनु भयो । तिनीहरूमा केही शिष्यहरू त धेरै विषय जान शेष दक्ष पनि छन् । वहाँका शिष्यहरूले विभिन्नक्षेत्रमा गरेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उन्नति र उनीहरूले कमाएको मान प्रतिष्ठा तथा प्राध्यापन सम्बन्धी विद्वत्ताले पण्डितराज सोमनाथ ज्यादै विशिष्ट विद्वान् हुनुहुँदोरहेछ भन्ने सङ्केत गर्दछ ।।४७।।

दृष्टा यथा मृदुलमध्यविशिष्टरूपा
शिक्षाग्रहार्थमुपसन्नजनस्य कक्षा ।
दीक्षामयं तदनुरूपगिरा ददानः
साफल्यमर्जयति सोऽपि गुरोर्विशेषः ।।४८।।

वहाँमा यौटा विशेषता यो थियो कि आफूसंग अध्ययन गर्न ज्यादै बोधो वा मध्यम अथवा विशिष्ट कुन कक्षाको विद्यार्थी आएको छ, त्यो हेरेर ऊ जुन तहको जस्तो रूपको छ, उसलाई त्यही रूपको त्यस्तै शिक्षा दिनुहुन्थ्यो र उसलाइ सफल तुल्याउनु हुन्थ्यो । गुरुको विशेष सफल हुनामा कारण पनि यही नै थियो ।।४८।।

सोऽयं दुरूहगहनग्रथितार्थपूर्णान्
ग्रन्थान् प्रमथ्य मथितार्थकृतौ प्रवीणः ।
छात्रान् निरन्तरमशिक्षयदञ्जसैव
येनाऽभवद् बहुसमादरभूमिरेषः ।।४९।।

जतिसुकै नबुझिने र गहन अर्थ भएका ग्रन्थ हुन् तापनि त्यस्ता ग्रन्थलाई समेत मथेर सार खिचेर अर्थ गर्न शिपालु हुनुहुन्थ्यो । छात्रहरूलाई निरन्तर वहाँ ज्यादै सजिलोसंग पढाउनु हुन्थ्यो । जुन कारणले वहाँ ज्यादै आदरको पात्र पनि बन्नु भयो ।।४९।।

आजीवनं परिचरन्नपि देववाणीं
श्रद्धां तथैव कुरुते निजमातृवाण्याम् ।
भक्त्या चिरं परिचरन्नपि कामधेनुं
किं नन्दिनीं न बहु मानयते विवेकी ।।५०।।

वहाँले विशेष गरेर संस्कृतभाषाको जीवन भर सेवा गर्नुभएको हो तापनि आफ्नो मातृभाषा नेपाली प्रति पनि वहाँको श्रद्धा कम थिएन । हो के ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विवेकी पुरुषले जीवनभर कामधेनुको भक्ति पूर्वक सेवा गरिरहे तापनि उनैकी छोरी चान्दनीलाई उसै रूपमा मानेर के सेवा गर्दैन र ? ॥५०॥

प्रायो व्यतीतसमयोऽपि नियोगकृत्यै
लब्धक्षणावसरमप्यवृथा विधाय ।
तेनोभयोरपि गिरोर्लिखिताः प्रबन्धा
ये प्रौढमध्यसरला बहुशो विभान्ति ॥५१॥

यद्यपि वहाँको धेरैजसो समय सरकारी काममा नै वित्तथ्यो, फुर्सद बहुतै कम थियो तापनि अलिकति मात्र फुर्सद पाएपनि समयलाई कत्ति पनि खेर नफाली वहाँले संस्कृत र नेपालीमा गरी धेरै विचारपूर्ण ग्रन्थहरू लेख्नु भयो । जो वहाँका सुन्दर सुन्दर लेख रचनाहरू प्रौढ, मध्यम र सरल रूपमा विशेष सुशोभित भैरहेका छन् ॥५१॥

तत्तन्नरेशसमये पदवृद्धिरस्य
वृत्तेःक्रमादुपचयोऽपि बभूव भूयः ।
कार्येष्वनेकविषयेष्वपि दक्षताऽस्य
संमान-सत्कृति-यशः प्रतिलब्धयेऽभूत् ॥५२॥

फेरि प्रत्येक राजाका पालामा राणा प्रधानमन्त्रीहरू श्री५महाराजाधिराज त्रिभुवन तथा महेन्द्रका पालामा क्रमैसंग वहाँको पदवृद्धि र तलवको वृद्धि पनि हुँदै गयो । कारण धेरै विषयहरूमा र धेरै कार्यहरूमा पनि वहाँको दक्षता थियो । यही विशेष कार्यदक्षता नै वहाँलाई संमान सत्कार र यशःप्राप्तिका निमित्त सहयोगी भयो ॥५२॥

विद्या ददाति विनयं, विनयेन पात्र
मित्युक्तिरेतमुपयाति निदर्शनाय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एतस्य वेषरचनाऽपि सदैकरूपा
सौम्या चिरन्तनजनानुगता विभाति ॥५३॥

विद्याले विनय दिन्छ, विनयले सत्पात्र बनाउँछ भन्ने यस उक्तिको दृष्टान्त वहाँमा नै चरितार्थ हुन्थ्यो । यी सबै कुरा वहाँमा नै घटेका थिए । फेरि वहाँको वेश भूषा पहिरन) पनि अघिका पुराना मानिसको जस्तो सधैं एकनाशको सौम्य श्रद्धा लाग्दो (भडक न भएको) हुन्थ्यो । अर्थात् कोगटीको अथवा सेतो नैनसुतको मयलपोस सुरुवाल, सकली ढाकाको तीन तहको सफा टोपी, सेतो पटुका र काँधमा रेशमी पछ्यौरा वा दोसल्ला लिने वानी थियो । त्यसले अति शोभा दिइरहेको थियो । ॥५३॥

कर्मण्यताऽनलसताऽऽस्तिकता विशिष्टा
स्वाचारपालनरुचिः प्राचता सहैव ।
शैथिल्यमासु न कदाचिदमुष्य दृष्ट–
मेनं गुणाः प्रगुणिताः परिचाययन्ति ॥५४॥

वहाँ ज्यादै कर्मण्य, कहिल्यै अल्छी नगर्ने जाँगरिलो, विशिष्ट आस्तिक र साथै आफ्नो सदाचार पालन गर्नमा विशेष कट्टर पनि हुनुहुन्थ्यो । वहाँमा कार्य-शिथिलता कहिल्यै देखिएन । वहाँलाई विशेष रूपमा परिचय गराउने विशेष गुण पनि यिनै हुन् ॥५४॥

वर्षीयसोऽस्य विकला शिथिला च दृष्टि
र्मन्दे श्रुती प्रतिहता सकलाङ्ग–शक्तिः ।
आस्तां तथापि समयो व्यतियात्यमुष्य
सत्कर्मभिर्बहुविधैर्हरिचिन्तनैश्च ॥५५॥

ज्यादै वृद्ध अवस्था भएकोले वहाँको दृष्टि केही कम भएको थियो । त्यस्तै कान पनि कम सुन्नु हुन्थ्यो । शारीरिक शक्ति पनि घट्दै गएको थियो । त्यस्तो अवस्थामा पनि वहाँको समय त्यसै खेर जाँदैनथ्यो । अनेकौं शास्त्रीय प्रवचन सत्कर्मसेवा र हरिचिन्तनद्वारा नै समय वित्तथ्यो ॥५५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शीतोष्णवर्षसमयेषु सदैकरूपं
कुर्वन्नसौ विहितमाह्निकनित्यकृत्यम् ।
वर्षीयसाऽपि वयसाऽनुपरुद्धवृत्तिः
श्रद्धासमिद्धरुचिमास्तिकतां बिभर्ति ॥५६॥

आफूले दिनदिनै गरिरहेका नित्यकर्महरू जाडो गर्मी झरी बादल क्यै नभनी खण्डित नगरीकन सधैं एकनासले गरिरहनु हुन्थ्यो । अवस्थाको कारणले वहाँका अरू सबै कुरा छुट्दै गएता पनि आस्तिक्य भावनामा विशेष श्रद्धा र रुचि बढ्दै गएकोले गर्दा आस्तिक्य भावानालाई कहिल्यै पनि छोड्नु भएन ॥५६॥

प्राक् पञ्चतत्त्वरचितं वपुराकलय्य
प्रत्यर्प्य तानि सकलानि यथावदेव ।
इत्थं स्वदेशभरबन्धनतो विमुक्तः
प्राप्नोति पञ्चजन एष कृतार्थभावम् ॥५७॥

अघि आफूले जहाँका जुन पञ्चतत्त्वहरूले बनेको शरीर लिएर आएको छ, तो सबै तत्त्वहरू फेरि त्यही देशका उनीहरूलाई नै जस्ताको तस्तै बुझाएर, यसरी मातृभूमिको ऋण चुकाएर, सबै कुराको भार बन्धनबाट मुक्त भएपछि मात्र चार वर्ण र निषाद सहित पाँच जातका मानिसहरू आफ्नो मनुष्य जन्म सफल भएको संझन्छन् ॥५७॥

यैर्व्यष्टिपिण्डमुदभाव्यत पञ्चतत्त्वै
र्विश्लिष्य तान्यनुपदं प्रतियान्तु चान्ते ।
नैसर्गिकी गतिरियं गदिता समष्टे
र्व्यष्टेरपि प्रतिगतिर्महिता तथैव ॥५८॥

जहाँका जुन समष्टिरूप पञ्चतत्त्वहरू द्वारा व्यष्टि पिण्ड अर्थात् मनुष्य-हरूको तत् तत् शरीर पैदा भएको छ । मरे पछि ती पञ्चतत्त्वहरू अलग अलग भएर जहाँको तहीं मिल्न जाऊन् । जस्तो समष्टिको स्वाभाविक गति यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वताइयो । त्यस्तै व्यष्टिको पनि प्रतिगति हुनु अर्थात् तत् तत् तत्त्वहरूमा फेरि मेलन गराउनु अति प्रशंसनीय हो ॥५८॥

एवं विमृश्य मनसः परिकल्पनाया
स्तीर्थे स्वदेशमहिते परिपाकमीप्सुः ।
भूरि प्रयासमकरोद् विषयाभिलाषं
छेत्तुं निसर्गजटिलं भवपाशवन्धम् ॥५९॥

यस्तो मनको परिकल्पनाद्वारा धेरै विचार गरेर आफ्नै देशको अति पवित्र तीर्थ नारायण घाटमा आफ्नो जीवनभरको पुण्यको फल प्राप्ति गर्ने इच्छा गरेर स्वभावैले जटिल भएको सांसारिक पाशो रूपी बन्धनलाई छुटाउन [देह त्याग गर्न] धेरै प्रयास गर्नु भयो ॥५९॥

सङ्कल्प-कल्पित-जगज्जनजीवनेऽस्मि
न्निच्छां करोति मनुजो ह्यसतीं सतीं वा ।
लोकः प्रसारयति केवलमञ्जलिं स्वं
तत्पूतये प्रभुकृपा तु महेशहस्ते ॥६०॥

मानसिक कल्पनाबाट खडा भएको यो सांसारिक जनजीवनमा मानिसले असल अथवा खराब अनेक किसिमको इच्छा गर्दछ र केवल ऊ आफ्नो दुबै हात पसारेर अँजुलो सम्म थाप्त छ । त्यसको पूर्ति गरिदिनु अथवा न गरिदिनुमा चाहिँ परमेश्वरकै हात रहेछ ॥६०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरभागावशेषः

प्रेयांसि संस्मृत्य गुरोर्वचांसि श्रेयांसि सञ्चिन्त्य च यद्यशांसि ।
समीक्ष्य पुण्याचरितानि तानि भूयोऽवशेषं च लिखामि वृत्तम् ॥१॥

यस लोक र परलोक दुवै लोकमा भलो हुने पूज्यपाद गुरुले बताउनु भएका अतिप्रिय बचनहरू संझेर र वहाँका अतिप्रशंसनीय उज्ज्वल यशहरूको राम्ररी चिन्तन समेत गरेर, अनि वहाँका ती पुण्य पवित्र आदर्श आचरणहरू पनि साक्षात् देखी समीक्षा समेत गरेर वहाँको जीवन चरित्र बाँकी रहेको पनि फेरि लेख्तै छु ॥१॥

अचिन्त्यशक्तेः प्रकृतेः परस्य पुंसो द्वयोर्योगकृतो हि सर्गः ।
स्वकीयसंस्कारवशाद् विभिन्नरूपाणि धत्ते कृतिभूमिकासु ॥२॥

प्रकृति र पुरुष दुवै अचिन्त्य शक्ति भएका छन् । यी दुइको सयोगबाट यो संसार सृष्टि भएको हो तापनि यसले आपनो आपनो संस्कारको अनुसार कार्यक्षेत्रमा विभिन्न रूप (चेतन, अचेतन, पशु, पंक्षी, दानव, मानव, मूर्ख, विद्वान्, साधारण, असाधारण इत्यादि नाना रूप) धारणा गर्दछ ॥२॥

श्रीसोमनाथः सुधियां प्रशंस्यो नेपाल-राष्ट्रस्य महाविभूतिः ।
शास्त्रेषु सर्वेषु कृतावगाहा विलक्षणा यत्प्रतिभा विभाति ॥३॥

श्रीसोमनाथ गुरु विद्वान्हरूमा प्रशंसनीय विद्वान्, नेपाल राष्ट्रको ठूलो विभूति हुनुहुन्थ्यो । सर्व शास्त्रमा चुर्लुम्म डुब्नु भएको पनि थियो । वहाँको यस्तो विलक्षण प्रतिभा चम्किरहेको थियो र जसले ज्यादै शोभा पनि दिएको थियो ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यदीयशिष्याः कतिशः प्रबुद्धाः प्रपाठयन्ते विषयाननेकान् ।
जानाति कः कस्य गुणप्रकर्षं सर्वाणि सूते ननु कामधेनुः ॥४॥

वहाँका शिष्यहरूमा कुनै कुनै चाहिं धेरै विषय जानेका महाविद्यालयका उच्च कक्षामा धेरै विषय पढाउन सक्ने ज्यादै प्रबुद्ध पनि छन् । हो पनि, कामधेनु चिताएका सबै कुरा दिन्छिन् । कसको गुणको उत्कृष्टता [चमत्कार] के कस्तो छ, को जान्न सक्छ र ? ॥४॥

प्रकाण्डपाण्डित्ययुतानि यस्य धाराप्रवाहीणि वचांसि सद्यः ।
स्फुरन्ति सम्यञ्चि निशम्य साक्षात् के नाम विज्ञा न हि विस्मयन्ते ॥५॥

जसका प्रकाण्ड पाण्डित्यले भरिएका धाराप्रवाह रूपमा वहने, तत् कालमै स्फुरण भएका, कहीं केही त्रुटि नभएका, औचित्य मिलेका वचनहरू साक्षात् सुनेपछि आश्चर्य नहुने को कस्ता विद्वान् होलान् ? ॥५॥

क्लिष्टानि सर्वाण्यपि दर्शनानि प्रतिक्षणं पाठयतः सुखेन ।
न तस्य दुर्ज्ञेयमभूच्च किञ्चित् के नाम विज्ञा न हि विस्मयन्ते ॥६॥

अति कठिन सबै दर्शनका सबै ग्रन्थहरू प्रतिक्षण सजिलैसंग खर्र्र्र पढाइदिनु हुन्थ्यो । वहाँका निमित्त कठिन र दुर्ज्ञेय भन्ने विषय नै कुनै थिएन । वहाँको यो विद्वत्ता देखेपछि आश्चर्य नमान्ने को कस्ता विद्वान् होलान् ? ॥६॥

आपाततः पश्यति शास्त्रजातं सारं समाकर्षति तत्क्षणेन ।
वैदुष्यमेतस्य विचित्रमीदृक् के नाम विज्ञा न हि विस्मयन्ते ॥७॥

जुनसुकै विषय अथवा जुनसुकै शास्त्रको ग्रन्थ भएपनि वहाँ एकपल्ट आपाततः सर्सर्ति हेर्नु हुन्थ्यो र तुरुन्त त्यसको सार खिचिहाल्नु हुन्थ्यो । वहाँको यस्तो विचित्रको विद्वत्ता थियो । त्यो देखेपछि आश्चर्य नहुने को कस्ता विद्वान् होलान् ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कादम्बरीं नैषधमुच्चकाव्यमनूद्य भाषामयवाक्प्रवाहैः ।
श्लोकाञ्छतं पाठयतेऽञ्जसैव के नाम विज्ञा न हि विस्मयन्ते ॥८॥

कादम्बरी नैषध जस्ता उच्चकोटिका काव्यहरू नेपाली भाषामा तत्काल अनुवादित वाग्धारा प्रवाहको रूपमा एक पाठमा शय श्लोक सजिलैसंग वक्तव्य कुरा नछोडी विद्वत्तापूर्ण शैलीमा पढाउनु हुन्थ्यो । त्यो देखेपछि आश्चर्य नमान्ने को कस्ता विद्वान् होलान् ॥८॥

काव्यप्रकाश-ध्वनि-दर्पणानां रसादिगङ्गाधर-पुस्तकानाम् ।
प्राध्यापनीं रीतिमवेक्ष्य यस्य के नाम विज्ञा न हि विस्मयन्ते ॥९॥

काव्यप्रकाश, ध्वन्यालोक, सहित्यदर्पण, रसगङ्गाधर जस्ता साहित्य विषयका उकृष्ट ग्रन्थहरू पढाउने अति उच्च कोटीको वहाँको शैली देखेपछि आश्चर्य न मान्ने कुन चाहिँ कस्ता विद्वान् होलान् ॥९॥

पुराण-हेमाद्रि-यजुर्विधानं धर्म-प्रतिष्ठाऽध्वर-कर्मकाण्डम् ।
प्रायोऽस्य कण्ठस्थितमाकलय्य के नाम विज्ञा न हि विस्मयन्ते ॥१०॥

पुराणहरू हेमाद्रिका अनेक विधान निबन्धहरू यजुर्विधानहरू (यजुर्वेदका प्रयोगविधिहरू) धर्मशास्त्रहरू देवता जलाशय आदिका प्रतिष्ठाहरू, ठूला ठूला यज्ञ यागादिका विषयहरू कर्मकाण्ड सम्बन्धी धेरै विषयहरू वहाँलाइ प्रायः कण्ठस्थै थिए । वहाँको यस रूपको विद्वत्ता देखेपछि आश्चर्य न मान्ने कुनचाहिँ कस्ता विद्वान् होलान् ॥१०॥

दृष्टिर्विचित्रा परिपश्यतीव तेजो विचित्रं ज्वलदेकरूपम् ।
बुद्धिर्विचित्राऽस्य कुशाग्ररूपा के नाम विज्ञा न हि विस्मयन्ते ॥११॥

सबैतिर एकैपल्ट देख्नुहुन्छ कि जस्तो वहाँको त्यो विचित्रको दृष्टि, सर्वै एकनासको देखिने धपक्क बल्ने जस्तो त्यो विचित्रको तेज र फेरि त्यति नै विचित्रको वहाँको त्यो कुशाग्रबुद्धि देखेपछि आश्चर्य नमान्ने को कस्ता विद्वान् होलान् ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पदानि वाक्यानि यथार्थवन्ति टीकाश्च सूक्ष्मां समकालमेत्र ।
समीक्षमाणाऽस्य सुसूक्ष्मदृष्टिः प्रवाहरूपेण पुरः प्रयाति ॥१२॥

जुनसुकै ग्रन्थ पढाउँदा पनि त्यस ग्रन्थमा जो भएका पद वाक्यहरू यथार्थ रूपमा र मसीना अक्षरका टीका र टीकाका सूक्ष्म कुराहरू समेत सबै एकैपल्ट देख्नसक्ने वहाँमा आश्चर्यको सूक्ष्मदृष्टि थियो । तर यसरी हेरेर पढाउँदा पनि पाठ कत्ति नअडोकन प्रवाहरूपले अगाडि बढेर जान्थ्यो ॥१२॥

स्पष्टा विचित्राऽस्य च पाठशक्तिरेकाहपाठेन समापि येन ।
श्रीमन्महाभागवतं समग्रं के नाम विज्ञा न हि विस्मयन्ते ॥१३॥

स्पष्टसंग अति छिटो पाठ गर्ने शक्ति वहाँको ज्यादै विचित्र थियो । जसले एकैदिनमा पाठ गरेर समग्र श्रीमद्भागवत समाप्त गर्नु भएको थियो । यस्तो वहाँको विचित्रशक्ति देखे पछि आश्चर्यचकित नहुने को कस्ता विद्वान् होलान् ? ॥१३॥

स्वयं प्रयत्नाच्चिरसञ्चितान्यलभ्यान्यमूल्यान्यपि पुस्तकानि ।
वाल्मीकिविद्यालयसंग्रहाय समर्प्य विद्वन्मुदमाततान ॥१४॥

आफूले मिहिनेतले धेरै अघिदेखि सङ्ग्रह गरेर राखेका दुर्लभ र अमूल्य पुस्तकहरू सबै वाल्मीकि-संस्कृत-महाविद्यालयको पुस्तकालयलाई समर्पण गरेर विद्वान्हरूको चित्त प्रसन्न तुल्याइदिनु भयो ॥१४॥

अत्रत्य-लेखादिक-संग्रहेषु तथाऽभिलेखालयपुस्तकेषु ।
विद्वत्त्वमेतस्य परिश्रमाँश्च हस्ताक्षराण्येव निदर्शयन्ति ॥१५॥

वहाँले समर्पण गर्नु भएका यस महाविद्यालयमा रहेका वहाँका अनेकौं लेख सङ्ग्रहहरू र राष्ट्रिय अभिलेखालय तथा राष्ट्रिय पुस्तकालयमा रहेका पुस्तकहरूमा वहाँले गर्नु भएका टिप्पणीहरूका साथै अरू पनि वहाँका हस्ताक्षरका लेख र ग्रन्थहरूबाट वहाँको कति विद्वत्ता, कति परिश्रम रहेछ भन्ने कुरालाई छर्लङ्ग पारेर देखाइदिएका छन् ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गीर्वाण-वाणी-परितोषणाय स्वमातृभाषा-परिपोषणाय ।
अमुष्य पाण्डित्यमथ प्रयासान ग्रन्था यदीयाः परिदर्शयन्ति ॥१६॥

संस्कृतभाषाको परितोषण र आपनो मातृभाषा नेपालीको परिपोषणका निमित्त उहाँले रचना गर्नु भएका संस्कृत तथा नेपाली भाषाका ग्रन्थहरूले उहाँको पाण्डित्य र परिश्रमहरू विवेकी विद्वज्जनका समक्ष दर्शाइरहेका छन् ॥१६॥

संसारसृष्टि-स्थिति नाश-हेतोः पञ्चानन-श्रीपशुपस्य शम्भोः ।
व्यधात् स पूजां महतीं मनस्वी सौवर्णरौप्यैर्बहुभूषणैश्च ॥१७॥

अतिशय मनकारी उहाँले सून चाँदीका धेरै गहना र वस्त्रहरू तथा अनेक उपचारहरू समेत गरेर संसारको सृष्टि स्थिति संहारका कारणस्वरूप पञ्चानन सदाशिव श्रीपशुपतिनाथको षोडशोपचारले महापूजा गर्नु भयो ॥१७॥

अनादिशक्तेर्जगदम्बिकायाः श्रीगुह्यकाल्याश्च तथार्चनानि ।
सौभाग्यसम्पन्नमहोपचारैः सहैव चण्डीपुटितैरकार्षीत् ॥१८॥

अनादिशक्तिरूपिणी जगदम्बिका श्रीगुह्येश्वरीको पनि सौभाग्यले परिपूर्ण धेरै उपचारहरूद्वारा त्यसैगरी पूजा गर्नु भयो र साथै चण्डीको पुटित पाठ पनि गराउनु भयो ॥१८॥

दानं गवामष्टशतं बुधेभ्योऽददाद् द्विजेभ्यो द्विजराजसोमः ।
रुद्राभिषेकद्विजभोजनानि धर्म्याणि चान्यानि बहून्यभवन् ॥१९॥

द्विजराज श्रीसोमनाथज्यूले एकशय आठ गोदान गरेर विद्वान् ब्राह्मणहरूलाई दिनु भयो । पशुपतिमा रुद्राभिषेक गराएर ब्राह्मणभोजन गराउनु भयो । यतिमात्र होइन, वहाँबाट अरू पनि धेरै धर्मकार्यहरू संपन्न भए ॥१९॥

नारायणाख्येऽतिविविक्तघट्टे श्रीगण्डकीपावनवारिजुष्टे ।
निर्मापिता तैर्थिकधर्मशाला भूरिव्ययेनाक्षयपुण्यहेतोः ॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गण्डकीको पवित्र जलले सेवा गरिएको र प्रेमलाग्दो चितौन स्थित नारायण घाटको एकान्त स्थलमा अक्षय पुण्य-प्राप्तिको उद्देश्यले धेरै धन खर्च गरेर तीर्थयात्रीहरूका निमित्त एक धर्मशाला बनाइदिनुभयो ॥२०॥

यदन्तिके श्रीश-महेश-प्रीतये सोमेशलिङ्गो विधिना स्वनामतः ।
संस्थापितः पण्डितराज-धीमता निर्माय चान्य रुचिर शिवालयम् ॥२१॥

ज्यादै बुद्धिमान् पण्डितराज सोमनाथज्यूले सोही धर्मशालाको नगीचमा लक्ष्मीपति नारायण र महादेवका प्रीतिका निमित्त एक अर्को सुन्दर शिवालय बनाई त्यसमा आफ्नै नाउँबाट सोमेश्वर नामले एक शिवलिङ्ग पनि विधिपूर्वक स्थापना गर्नुभयो ॥२१॥

रुद्राभिषेकादिक-नित्यपूजा सञ्चालनायै च सुरक्षणायै ।
गोष्ठीकृतं पञ्चदशं सहस्रं व्ययन्ति सत्कर्मसु पुण्यवन्तः ॥२२॥

शिवजीको रुद्राभिषेक सहितको नित्यपूजा चलाउन र त्यसको सुरक्षाका निमित्त अर्थात् भत्के विग्रेमा मर्मतका निमित्त समेत भनेर उहाँले पन्ध्र हजार रुपियाँ गुठी रूपमा बैङ्कमा जम्मा गरिदिनु भयो । हो ! पुण्यात्माहरू यसै गरी सत्कर्ममा नै धन खर्च गर्छन् ॥२२॥

तत्रैव देहं विजहामि नश्वरं पुरा कृतो येन बुधेन निश्चयः ।
तदर्चना-तुष्ट-शिवोऽस्य मानसं चकर्ष सङ्कर्षणविद्यया तदा ॥२३॥

जुन विद्वान्ले यो नश्वर शरीरलाई त्यही नै छोडिदिन्छु भन्ने पहिले निश्चय गर्नु भएको थियो । तर उहाँको पूजाबाट प्रसन्न भएका शिवजीले सङ्कर्षणी विद्या-द्वारा उहाँको मन काशी तर्फ खिचिदिनुभयो र वहाँ गर्मीको समयमा आफ्नै घरमा आउनु भयो ॥२३॥

स्थित्वा कियन्मासमतः स्वमन्दिरेऽशृणोत् स वेदं नियमेन सस्वरम् ।
मासद्वयं भागवतं च भक्तितः प्रेष्ठान् मनोयोगविधीनदर्शयत् ॥२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस पछि केही महीना आपनै घरमा बसेर उहाँले नियम पूर्वक सस्वर वेद-पाठ श्रवण गर्नु भयो । त्यसै गरी दुई महीना लगाएर भक्तिपूर्वक समग्र श्रीमद्भा-गवत श्रवण गर्नु भयो । यसरी उहाँले सबैलाई अति मनपर्ने मनोयोगका उत्तम विधिहरू देखाइदिनु भयो ॥२४॥

वर्षिष्ठ-विद्वांसममुं दिदृक्षवः शास्त्रीय-तत्त्वान्यपि वा बुभुत्सवः ।
वचोभिरेतस्य सुधाप्रवर्षिभिर्भवन्ति ते पूर्णमनोऽभिलिप्सिताः ॥२५॥

अति वृद्ध र अतिठूला विद्वान् उहाँको दर्शन गर्न र उहाँसँग शास्त्रका केही तत्त्व कुराहरू जान्न इच्छा गरेर जो जति मानिसहरू आउँथे, ती सबै अमृत वर्षाउने उहाँका वाणीहरू द्वारा मनोरथ पूर्ण भएका हुन्थे ॥२५॥

अत्रान्तरे स्वप्नमदान्महेशो वाराणसीं तूर्णमभिव्रजेति ।
हृष्टस्ततः स्वेष्ट-जनान् समेतान् स आह काशीं ननु यामि यामि ॥२६॥

यसै बीचमा बहाँलाई महादेवले तिमी तुरुन्तै काशी गैहाल भन्ने यस्तो सपना दिनुभयो र यसै सपनाको आधारमा उहां ज्यादै प्रसन्न भएर आफूसँग भेट गर्न आएका इष्ट मित्र सबैसँग अब म काशी जान्छु, काशी नगैछोड्दिन भन्न लाग्नु भयो ॥२६॥

ततश्चतुःपञ्चदिनैर्व्यवस्थां सम्पाद्य सर्वामुपदिश्य शिष्यान् ।
ब्रह्मर्षि-निर्दिष्टपथानुसारी बभूव सज्जो गमनाय काश्याः ॥२७॥

त्यसपछि चारे पाँच दिनमा नै जो चाहिने सबै व्यवस्था मिलाएर शिष्यहरूलाई अह्राउने सिकाउने जति कुरा सबै अह्राई सिकाई गरेर ठूला ठूला ब्रह्मर्षिहरूले निर्देशन गरेको मार्गको अनुसरण गरेर काशी जान तयार हुनुभयो ॥२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवान् सदार्च्यान् परिलम्ब्य कण्ठे समागतस्वीयजनोपकण्ठे ।
गेहात् परिव्रज्य ययौ स पूर्वं पशोःपतेरन्तिमदर्शनाय ॥२८॥

आफूले नित्य पूजा गरिरहेका देवता शालिग्राम घाँटीमा झुण्डाएर बिदाइ हुने बेलामा आएका आत्मीय जनको समक्षमा आफ्नो घरबाट सन्यास लिएर [माया मोह ममता सबै छोडेर] श्री पशुपतिनाथको अन्तिम दर्शनका निमित्त वहाँ सबै भन्दा पहिले पशुपति जानुभयो ॥२८॥

सद्यश्चतुर्द्वारमुपेत्य शम्भोः स्तोत्रैरमुं प्रार्थितवाँस्तदेत्थम् ।
गच्छामि काशीं भगवन् क्षमस्व विराट् स्वरूपस्य न तेऽस्ति भेदः ॥२९॥

तुरुन्तै पशुपति पुग्नुभयो र चारै ढोकाबाट पशुपतिनाथको दर्शन गर्नु-भयो । धेरै स्तोत्रहरूद्वारा स्तुति गरेर पशुपतिसंग यस्तो प्रार्थना पनि गर्नुभयो — हे भगवन् ! म काशी जाँदैछु, विराट् स्वरूप धारण गर्ने हजुरका निमित्त यहाँ वहाँ भन्ने कुनै भेद भाव छैन । यसकारण म क्षमा माग्दछु, क्षमा गर्नु हवस् ॥२९॥

स्रक्-चन्दन-प्राञ्चित-कण्ठभालो ब्रह्मौजसा प्रोज्ज्वलिताननश्रीः ।
गुह्येश्वरीं जन्मभुवं च नत्वा विमानघट्टं प्रति स प्रतस्थे ॥३०॥

पशुपतिको प्रसाद चन्दन निघारमा अनि गलामा माला लगाउनु भएको ब्रह्मतेजले धपक्क बल्छकि जस्तो उज्यालो मुखको शोभाले सुशोभित हुनुभएको उहाँ गुह्येश्वरी र आफ्नो जन्मभूमिलाई नमस्कार गरेर त्यतैबाट विमानघाटतिर प्रस्थान गर्नु भयो ॥३०॥

आजीवनं पुण्यचितिर्हि यस्य फलप्रदानाय कृतत्वरेव ।
विमानयानेन निनाय काशीं फलन्ति पुण्यानि कृतानि काले ॥३१॥

वहाँको जीवनभरको पुण्यसञ्चयले वहाँलाई फल प्रदान गर्न हड-बड गरेको होकि किन हो, वहाँलाई विमानद्वारा चाँडै नै काशी पुऱ्याइ दियो । हो ! बेला मौकामा गरिराखेका पुण्यहरू पछि मौकामा अवश्य फलदछन् ॥३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यावयोवृद्धममुं समागतं निशम्य राजेश्वरपण्डिताग्रणीः ।
तं द्रष्टुकामः सहसोपसङ्गतो विदन्ति विज्ञाः खलु विज्ञगौरवम् ॥३२॥

विद्यावृद्ध वयोवृद्ध पण्डितराज सोमनाथ काशी आउनु भयो रे भन्ने खवर सुन्ने वित्तिकं काशीका ठूला विद्वान् पण्डितराज राजेश्वरशास्त्री वहाँको दर्शन गर्न इच्छाले झट्ट-पट्ट आएर भेट गरिहाल्नु भयो । पछि पनि बरावर आइरहनुभयो । हो पनि, विद्वान्को गौरव विद्वान्ले नै जानेका हुन्छन् ॥३२॥

दिदृक्षवोऽन्ये सुधियोऽप्युपेता वाराणसेया बहुशो गुणज्ञाः ।
अन्योन्यसंदर्शनशंसनोत्थ आनन्दकन्दः स पुनः प्ररूढः ॥३३॥

उहाँका गुण जान्ने काशीका अरूपनि धेरै विद्वान्हरू वहाँको दर्शनको इच्छाले आए । परस्परको भेटघाट र परस्परको प्रशंसाबाट उत्पन्न भएको वहाँको आनन्दको कन्द [गानो] ले फेरि आँकुरा हाल्यो ॥३३॥

गङ्गाजलस्नान-महेशदर्शनं काशीपुरीवास-बुधेशसंगमम् ।
अवाप्य भूयोऽपि तदाऽस्य मानसमानन्दमग्नं रमते स्म सन्ततम् ॥३४॥

गङ्गाजलको स्नान, विश्वनाथको दर्शन, काशीपुरीको वास र विद्वान्-हरूको संगम पाएर वहाँको मन अत्यन्त आनन्दमग्न भएर हरवखत रमाइरहन लाग्यो ॥३४॥

शास्त्रीयचर्चानुदिनप्रचालनैः सत्सङ्गमैर्वैदिकसूक्तसंश्रवैः ।
दानैः शिवाराधनरामनामभिर्व्यतीयुरष्टादशवासराण्यपि ॥३५॥

दिनदिनैको शास्त्रीयचर्चा, सज्जनहरूको सङ्गम, चार वेदका सूक्तहरूको धन जटा सहित पाठश्रवण, दान, [ब्राह्मणभोजन] शिवजीको आराधना र रामनामको भजनहरूले वहाँका अठार दिन काशीमा विते ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वारः शनेराश्विनशुक्लपक्षः सा सप्तमी पुण्यतिथिर्यदाऽऽसीत् ।
श्रीरामनाम स्मरतोऽस्य सद्यो जीवः शिवे भूम्नि विवेश,धाम्ना ।।३६।।

शनिवार आश्विनशुक्ल सप्तमीको पुण्यतिथिमा रामनाम संझँदै एकाएक वहाँको जीव तेजोरूप लिएर भूमा अर्थात् व्यापक परमानन्द स्वरूप शिवमा गएर लीन भयो ।।३६।।

अष्टाधिकाशीतिवयःप्रपूर्णो विद्यातपोमूर्तिरसौ महात्मा ।
समाप्य नैजं नरलोककृत्यं जगाम शैवं सहसा स्वधाम ।।३७।।

अठाशी वर्षको उमेर पूरा हुनु भएको विद्या र तपस्या [सदाचार] का अवतार स्वरूप यो प्रसिद्ध महापुरुष पण्डितराज सोमनाथ यहाँ आफ्नो मनुष्यलोकको कर्तव्य पूरा गरेर एकाएक आफ्नो अधिष्ठान र धाम स्वरूप शिवमा मिल्न जानु भयो ।।३७।।

साहित्य-वैयासिक-जैमिनीय-मनेकमार्षं स्मृतिधर्मशास्त्रम् ।
पातञ्जलं कापिलमाक्षपादं पयो निपीतं गुरुकामधेनोः ।।३८।।

साहित्य, वेदान्त, मीमांसा, अनेक ऋषिहरूले निर्माण गरेका अनेक स्मृति, धर्मशास्त्रहरू, योगशास्त्र, साङ्ख्यशास्त्र, न्यायवैशेषिक,-शास्त्रहरू रूपी दूध जुन कामधेनु स्वरूप गुरु सोमनाथबाट पान गरियो । (अर्थात् पूर्वोक्त विषयहरू उहाँबाटै पहिले अध्ययन गरी पछि काशी गई अध्ययन गर्दथें । त्यही भरमा यथामति ती विषयहरू म हरिनाथले पढाउने गरिरहेको छु) ।।३८।।

अतीतराजव्यवहारनैजानुभूतयः शास्त्ररहस्यवाचः ।
गाथाश्च यस्मात् कतिशः श्रुतास्ताः स्मरत्यजस्रं हरिनाथ एषः ।।३९।।

उहाँले बताउनु भएका वितेका धेरै अघिदेखिका राजकाज व्यवहार-सम्बन्धी आफ्ना अनुभवहरू, शास्त्रका रहस्य कुराहरू र पुराना पुराना ऐतिहासिक कुराहरू पनि वखत वखतमा वहाँबाट कैयौं सुनिरहन्थें । अहिले पनि यो हरिनाथ तिनै कुरा हरवखत झल्झली संझिरहन्छ ।।३९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कदाचिदध्यात्मविदुत्तमाऽऽङ्ग्ली नेपालमागादधिगन्तुकामा ।
निर्वाचितश्चन्द्रमहीभुजाऽपि प्राध्यापयत् तां बुधसोमनाथः ॥४०॥

अघि कुनै वखत श्री ३ चन्द्रको पालामा अध्यात्म विद्या जान्नेहरूमा नामूद यौटी अङग्रे ज्नी विदुषी (मीम) वेदान्त पढ्ने इच्छाले नेपालमा आइन् । तिनलाई पढाउनका निमित्त राजदरवारमा वेदान्ती पण्डितहरू भेला गरिए । सबैको जाँच गरी श्री३महाराज चन्द्रशमशेरले विद्वान् सोमनाथलाई छान्नु भयो र वहाँले ती विदुषीलाई चित्त बुझ्नेगरी पढाइदिनुभयो ॥४०॥

प्रसन्नचित्ता विदुषी बुधेशं राज्ञः पुरस्तात् प्रशशंस भूरि ।
दित्सन्तमस्मै शुभमानमुच्चं रुरोध मध्ये नृपमन्तरायः ॥४१॥

उहाँको विद्वत्ताबाट प्रभावित भएकी ती विदुषी मीमले राजा चन्द्रशमशेरको अगाडि धेरै प्रशंसा गरिदिइन् र चन्द्रशमशेरले वहाँलाई कुनै ठूलो सुहाउँदो मान दिन खोज्दा विचैमा कुनै एउटा विघ्न खडा भएर "हेड पण्डितको दर्जा यिनले पाइसकेका छन्, यो भन्दा माथिको दर्जा अरू के दिने ? भनिदिंदा त्यो कुरा त्यसै रोकियो ॥४१॥

वी. ए. खरीदारपदान्वितोऽन्यो यो राजभण्डारिकुले प्रसूतः ।
द्विभाषको माणिकलालनामा 'सुब्बा' पदे भूपतिना नियुक्तः ॥४२॥

वहाँले मीमलाई पढाउँदा अर्को एक जना वी. ए. पासवाला खरीदार पदमा रहेका माणिकलाल राजभण्डारीले दोभाषेको काम गरेका थिए । अनि उनलाई राजा चन्द्रशमशेरले खरीदारबाट सुब्बाको पदमा नियुक्त गरिदिनुभयो ॥४२॥

यज्ञीय-हिंसाञ्च निषेद्धुकामो विद्वान् यतिः कश्चन भारतीयः ।
श्रीचन्द्रशंशेरनृपानुमत्या स सिंहप्रासादमधिष्ठितोऽभूत् ॥४३॥

अघि एकपल्ट कुनै एकजना अहिंसावादी भारतीय सन्यासी विद्वान् वैदिक यज्ञमा [पशुबन्ध, अनुबन्ध्यापशु आदिमा] गरिने यज्ञ सम्बन्धी हिंसालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समेत रोक्ने उद्देश्यले यहाँ आए र श्री ३ राजा चन्द्रशमशेरको अनुमतिले उनी सिंहदरवारमा वसे । अनि उनले शास्त्रार्थको हाँक दिए ॥४३॥

दिनानि भूयांसि बभूव तेन शास्त्रार्थरूपो विदुषां विवादः ।
श्रीसोमनाथाकलितैःप्रमाणैरन्तेऽजयत् तं गुरुहेमराजः ॥४४॥

त्यहाँ उनीसंग धेरै दिनसम्म विद्वान्हरूको शास्त्रार्थको रूपमा वाद विवाद भैरह्यो र आखीरमा श्रीसोमनाथज्यूको सहयोग र उहाँले सङ्कलन गर्नु भएका प्रमाणहरूद्वारा राजगुरु हेमराजज्यूले तिनलाई शास्त्रार्थमा जितिदिनुभयो ॥४४॥

अशास्त्रजं येन तमो निरस्य संदीपितो मे हृदि बोधदीपः ।
तस्मै दिविष्ठाय समर्पितोऽयं श्रद्धाञ्जलिर्वृत्तसुमप्रपूर्णः ॥४५॥

जुन गुरुदेवले मेरो हृदयमा रहेको अशास्त्रीय अज्ञान स्वरूप अन्धकारलाई हटाएर ज्ञान स्वरूप वत्ती बालिदिनुभयो । स्वर्गमा रहनु भएका ती गुरुदेवलाई उहाँकै जीवनचरित्र रूपी फूलले परिपूर्ण भएको यो श्रद्धाञ्जलि समर्पण गरियो॥४५॥

शक्तिर्न मे प्रगुणिता रुचिरार्थगुम्फे नैवेष्टशब्दघटनापटुता विशिष्टा ।
भक्तेः प्रतीकमिवजीवनवृत्तपुष्पं तत्पादपीठमनुचिन्त्य समर्पयामि ॥४६॥

राम्रो अर्थले भरेर बढाएर गुम्फन र वर्णन गर्न सक्ने शक्ति मेरो छैन । मनपर्दा राम्रा राम्रा शब्दयोजनामा चलाखी गर्न सक्ने त्यस्तो विशेष ढङ्ग पनि ममा छैन । यो त केवल भक्तिको प्रतीक जस्तो मात्र भएको यहाँ गुरुको जीवन चरित्ररूपी फूल यहाँ कै चरण कमललाई संझेर समर्पण गर्दछु ॥४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुविरहवेदना

क्व भवानगमद् बुधाग्रणीर्वत दुःखाकुलितान् विधाय नः।
भवतः क्व नु दर्शनं भवेदिति सञ्चिन्त्य मनः प्रतप्यते ॥१॥

हे पण्डितराज सोमनाथ गुरुदेव ? हामीलाई यसरी दुःखले आकुल व्याकुल पारेर आज हजुर कहाँ पाल्नु भयो । हजुरको दर्शन अब फेरि कहाँ होला ? यस्तो संझेर मन शोकले ज्यादै पोलिइरहेछ ॥१॥

अधिराज्यनिवासिनः समे तव शिष्याः प्रमुखा विपश्चितः।
अहहा ! परितप्तचेतसः सहसा दीनमुखा रुदन्ति ते ॥२॥

नेपाल अधिराज्य निवासी विशिष्ट विद्वान्हरू सबै प्रायः हजुरकै शिष्य-हरू हुन्, (अथवा अधिराज्य निवासी सबै जनताहरू, हजुरको चेलाहरू, प्रमुख विद्वान्हरू सबै) आज हजुर परलोक भएको अपशोचको खबर सुनेर शोकले ज्यादै चित्त सन्तप्त भएर एक्कासी मलिन मुख लगाएर ती सबै रोइरहेका छन् ॥२॥

विधिरेष चिखेल खेलनां कुटिलां हन्त ! हृदोविदारिकाम्।
नयपालनभोमहामणिर्वत सोमोऽस्तमितो बुधेश्वरः ॥३॥

आज बडो अपशोचको कुरा छ । दैवले यो ज्यादै हृदय-विदारक कुटिल खेल खेल्यो । जोकि-नेपाल रूपी आकाशका महामणि पण्डितराज सोम अथवा आकाशका महामणि बुधजनक सोम अस्ताए ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विधियोगवशात् सुधाकरो नभसःप्रत्यहमस्तमेत्यपि ।
पुनरेष उदेति सोम ते न पुनः प्रत्युदयो भविष्यति ॥४॥

दैवको खटनबाट अमृत वर्षाउने सोम (चन्द्रमा) आकाशबाट प्रतिदिन अस्ताउँछन् तापनि भोलिपल्ट फेरि उनको उदय हुन्छ । हे सोमनाथ गुरुदेव ? हजुरको चाहिँ अब फेरि यस मर्त्यमण्डलको संसारमा उदय हुने छैन ॥४॥

सुधियो हि विधोः सुधामयान् प्रतिगृह्णन्ति गुणाननेकशः ।
इतरे परपक्षिणः क्रुधाऽप्यभिशस्ति विनियुञ्जते मुधा ॥५॥

सज्जन विवेकी विद्वान्हरू चन्द्रमाका अमृतमय अनेक गुणहरू ग्रहण गर्दछन् । कृष्णपक्षीहरू अथवा परपक्षीहरूचाँहि रीसले झुट्टा मिथ्या दोषहरूको आरोप पनि लगाउँछन् ॥५॥

गुरुसद्मनिवासिना त्वया गुरुविद्या कलिता कलान्विता ।
बुधसन्ततिरेव सन्ततिस्तव तन्तुं वितनिष्यते सदा ॥६॥

गुरुकुलमा वसेर अध्ययन गर्दा आकाशका सोमले (चन्द्रले) तारा अधिग्रहण गरे । पृथिवीका सोम (चन्द्र) तपाईँले गुरुकुलमा वसेर सबै कलाले युक्त भएको गुरुको विशिष्ट विद्या प्राप्त गर्नु भयो । अथवा··· रचना गर्नु भयो । त्यसबाट सन्तान बुध पैदा भए । बुधसन्तति नै हजुरका सन्तति हुन् । त्यसले नै हजुरको प्रजातन्तु अर्थात् सन्तानरूपी धागो अविच्छिन्न रूपले सधैं फैलाइरहने छ ॥६॥

भवतः किरणैः प्रकाशितं हृदयं शास्त्रविधौ मनीषिणाम् ।
तमसावृतसोममण्डलमिव तज्जातमहो ! मलीमसम् ॥७॥

शास्त्रसम्बन्धी विधिविधानमा हजूरका किरणहरूले (शिक्षाले) विद्वान् हरूको हृदय प्रकाशित भैरहेको थियो । (हजुर दिवंगत भएपछि अहिले) बडो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अपशोच!! तिनै विद्वान्हरूको हृदय राहुले ढाकेको सोम (चन्द्र) मण्डल जस्तै ज्यादै मलिन भैरहेको छ ॥७॥

भवता परिदर्शिते पथि प्रचलामस्तदपि क्वचित् क्वचित्।
मतिमार्गविभेदतो भवेन्ननु शङ्का वत तत्र को गुरुः ? ॥८॥

हुनत हामीहरू हजुरले देखाएको शिकाएको बाटोमा नै चल्ने छौं, तथापि कहिँ कहिँ "मुण्डे मुण्डे मतिर्भिन्ना" मति र मार्ग अर्थात् बुद्धि र संप्रदायको फरकबाट अनेक शङ्का र उपशङ्काहरू पैदा हुने छन्। बडो खेदको कुरा यो छ कि, त्यसमा शङ्कासमाधान गरिदिने गुरु अब को पाउने ? ॥८॥

विदुषो विरहाद् भवादृशो नयपाले श्रुतिधर्मचालिते।
द्विजपण्डितराजभाक्पदमुभयं जातमहो ! निराश्रितम् ॥९॥

वैदिक धर्मद्वारा अथवा श्रुतिस्मृतिद्वारा विधिविधान चलाइ राखेको नेपाल अधिराज्यमा अब तपाईँ जस्तो विद्वान् (उपदेशक) न हुनाले द्विजराज र पण्डितराज भन्ने दुवै विशिष्ट पदहरू निराश्रित भएका छन्; यो बडो अपशोचको कुरा छ ॥९॥

तव वाङ्मयकामधेनुता ननु सा शुक्लसरस्वतीकृपा।
विषयेषु समेषु याऽतुला प्रतिभा भाति निरर्गलोज्ज्वला ॥१०॥

हजुरको मुखारविन्दबाट धारा प्रवाह रूपले निस्कने वाणीरूपी कामधेनुता अथवा हजुरको साहित्यिक दार्शनिक सबै विषयहरूका रचनासम्बन्धी कामधेनुता (कामधेनुपन) जो थियो, त्यो अवश्य नै शुक्ल सरस्वतीको कृपा हो। किन भने सबै विषयमा अनुपमेय रोक तोक रहित अप्रतिबन्धित उज्ज्वल प्रतिभा तपाईँको वाङ्मयमा झल्किरहेको देखिन्छ ॥१०॥

तव शिक्षणपद्धतिः पुरातनशैलीमथ नूतनामपि।
उभयीं श्रयते सरस्वती पथि गङ्गायमुनाश्रितेव सा ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि हजुरको शिक्षण-पद्धति अथवा लेखन-पद्धति पुरानो शैली र नयाँ शैली दुवैलाई आश्रय गरेको (मिलेको) छ। जस्तो वाटो लागेकी सरस्वती गङ्गा र यमुना दुवैमा गएर त्रिवेणी भएर मिलेकी छन् ॥११॥

भुवि याऽपचितिर्द्विजेश ! ते दिवि सा बोभविता कलानिधेः।
इति चिन्तयतो मनो मम शममीषद् भजते कथञ्चन ॥१२॥

हे द्विजराज सोम ? तपाईंको यस पृथिवीमा जुन पूजा प्रतिष्ठा हुन्थ्यो कलानिधि चन्द्रमाको अथवा सम्पूर्ण कला (विद्या र गुण) का खानी भएका तपाईंको यहाँ भन्दा वढी स्वर्गमा वारंवार अतिशय पूजा प्रतिष्ठा हुने छ। यस्तो विचार गर्दा मेरो मनले वल्ल तल्ल केही शान्ति पाउँछ ॥१२॥

भवपाशमपास्य शम्भुना ननु काशीपतिना विमोचितः।
अविमुक्तपदं गतोऽधुना न पुनर्जन्म भवान् ग्रहीष्यति ॥१३॥

अवश्य नै काशीपति विश्वेश्वर महादेवले भवबन्धन (सांसारिक पाशो) काटिदिएर फोइदिएका (मुक्त गराइएका) तपाईं अहिले अविमुक्त पदमा अर्थात् मोक्ष पदमा प्राप्त हुनुभएको छ। अब फेरि तपाँईं मर्त्य मण्डलमा जन्म लिनुहुने छैन ॥१३॥

हृदये चिरकालसंस्थितं सुखदुःखानुभवं कदा कदा।
प्रविघाट्य मनस्त्वयोदितं स्मरतो मे हृदयं प्रताम्यति ॥१४॥

म तपाईंको दर्शन गर्न वारंवार आउँथें। त्यस अवस्थामा कहिले काहिँ हृदयमा धेरै कालदेखि गुम्सेर रहेका सुख र दुःखका अनुभव कुराहरू दिल खोलेर तपाईं वताउनु हुन्थ्यो। ती कुराहरू संझँदा मेरो मन अहिले ज्यादै छटपटाइरहन्छ ॥१४॥

अनिवार्यकरालकालतः परलोकं गमितोऽसि यद्यपि।
गुरुदेव ! तवाऽऽकृतिः स्मिता हृदये मे सततं विराजते ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कसैले हटाएर नहट्ने अनिवार्य कराल (भयङ्कर) काललेगर्दा तपाईँ परलोकमा लगिनु भयो तापनि हे गुरुदेव ? तपाईँको त्यो हँसिलो तेजिलो मुहार मेरो हृदयमा हरहमेशा झल्किरहेको छ ॥१५॥

शिवशीर्ष्णि विवत्सुना त्वया परितप्तं सुमहत् तपः पुरा।
समवाप्य चिराय तत् फलं शिवसायुज्यमभीप्सितं पुनः ॥१६॥

शिवजीको शिरमा अथवा सदा आनन्द दिने विद्वान्को सर्वोच्च पदमा रहन चाहने सोमचन्द्र तपाईँले पहिले ठूलो तपस्या गर्नु भएको थियो। त्यो तपस्याको फलस्वरूप पूर्वोक्त कुरा धेरै कालसम्म पाउनु भयो र अनि फेरि शिव-सायुज्य प्राप्ति को अभिलाषा गर्नु भयो ॥१६॥

स्वतपोभिरमुत्र ते गतिः प्रगतिं नूनमितो विधास्यति।
शिवरूपधरो विराडसि द्विजसम्राडसि विश्ववाडसि ॥१७॥

यस लोकमा आफूले गरेको तपस्याहरूको प्रभावले गर्दा परलोकमा तपाईँको गतिले अवश्य नै यहाँ भन्दा बढी प्रगति गर्ने छ। किन भने अहिले तपाईँले साक्षात् शिवरूप धारण गर्नु भएको छ। विराट् स्वरूप नै बन्नु भएको छ। निश्चय नै सम्राट् चक्रवर्ती भन्दा पनि ठूलो हुनु भएको छ, विश्ववाट् अर्थात् संसारको वहन गर्ने हर्ता कर्ता पनि बन्नु भएको छ ॥१७॥

निगमागममर्मवेदिनः श्रुतिधर्मावनलग्नचेतसः।
भवतश्चरितानि संस्मरन् हरिनाथः कथमेतु धीरताम् ॥१८॥

वेदको निगम आगम (मन्त्र तन्त्र) दुवै भागको मर्म रहस्य जान्नु भएको, वैदिक धर्म अथवा श्रुति स्मृति दुवै धर्मको रक्षामा हरवखत चित्त लगाइराख्ने तपाईँका चरित्रहरू संझी रहने हरिनाथले कसरी चित्त बुझाएर धैर्य धारण गरोस् ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरवः कतिशः सुसेविता बहुशः शिष्यगणाश्च शिक्षिताः।
क्व गता गुरवः क्व ते वयं भवसङ्गः सरसो नु नीरसः ? ॥१९॥

कैय्यौं विद्वान् गुरुहरूको सेवा गरी विद्या आर्जन गरियो र धेरै चेलाहरु पनि शिक्षित तुल्याइयो । बडो अपशोच छ, ती पूज्य गुरुहरूलाई कालले कहाँ पुऱ्यायो , ती चेलाहरू को को कहाँ कहाँ पुगे , हामी कहाँ छौं यो सांसारिक सम्बन्ध सरस हो अथवा नीरस हो ? ठम्याएर भन्न गान्हो छ ॥१९॥

समयः परिवर्तते सदा निशि चन्द्रोऽहनि भास्करो यथा।
मनुजा निजपूर्वकर्मणां परिपाकादुदयास्तभागिनः ॥२०॥

समय परिबर्तन भैरहन्छ । जस्तो–रातमा चन्द्रमाको र दिनमा सूर्यको उदय हुन्छ तापनि तिनै फेरि दिनमा चन्द्रमा अस्ताउँछन्, रातमा सूर्य अस्ताउँ-छन् । त्यस्तै मनुष्यहरू आपनो पूर्वजन्मको कर्मानुसार कहिले उदय र कहिले अस्तभागी बन्दछन् ॥२०॥

नेपालोपत्यकाप्रान्तभक्तग्रामकटुञ्जये-
निवासिनः पण्डितस्य पद्मनाभस्य सूनुना ।
श्रीमतो गुरुवर्यस्य सर्वशास्त्रपयोनिधेः
विदुषः सोमनाथस्य पवित्राचारसंयुजः ।
शिष्येण हरिनाथेन तत्पादाब्जोपसेविना
लिखिता जीवनी भूयाद् भूतये स्मृतये सताम् ॥

ॐॐॐॐॐॐ
ॐॐॐ ॐॐॐ
ॐॐॐॐॐॐ इति ॐॐॐॐॐॐ
ॐॐॐ ॐॐॐ
ॐॐॐॐॐॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्रकः- आनन्द-प्रेस, डिल्लीबजार, काठमाडौं, फो. नं. ११९२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu